## वुस्टर पब्लिक स्कूल

(WORCESTER PUBLIC SCHOOLS)

# बदमासी रोकथाम तथा कार्यवाही योजना

## Bullying Prevention and Intervention Plan

वेबसाइट: www.worcesterschools.org/bullying-prevention

# विषयसूची

# Table of Contents


नेतृत्व (Leadership)......................................................................................... ... ... ...पृष्ठ १

तालिम तथा ब्यावसायीक विकास (Training and Professional Development) ..........................पृष्ठ ४

श्रोत तथा सेवा पहुँच(Access to Resources and Services)...............................पृष्ठ ५

शैक्षिक तथा गैरशैक्षिक कृयाकलाप(Academic and Non-Academic Activities)..............पृष्ठ ८

बदमासी तथा प्रतिकारबारे रिपोटिङ्ग गर्ने नीति तथा कार्यविधीहरु (Policies and Procedures for Reporting and Responding to Bullying and Retaliation)........................................पृष्ठ १०

परिवारसंग सहकार्य(Collaboration with Families )......................................पृष्ठ २१

बदमासी तथा प्रतिकार विरुद्ध निषेधाज्ञा(Prohibition against Bullying and Retaliation)......पृष्ठ २२

परिभाषाहरु (Definitions)..................................................................पृष्ठ २२

अन्य कानूनसंगको सम्बन्ध(Relationship to Other Laws)................................पृष्ठ २३

परिशिष्टाङ्ग (Appendix)..........................................................पृष्ठ २४



वुस्टर पब्लिक स्कूल्स समान अवसर प्रदान गर्ने/सकारात्मक विभेदीय रोजगारदाता/शैक्षिक संस्था हो र यसले जातियता, रङ्ग, वंशज, लिङ्ग, उमेर, धर्म, राष्ट्रियता, लैङ्गिक पहिचान वा अभिव्यक्ति, वैवाहिक स्थिति, लैङ्गिक झुकाव, अपाङ्गता, गर्भावस्था वा सोसँग सम्बन्धित अवस्था, भू.पू. सैनिक, वा घरविहिन भएको अवस्थाको आधारमा विभेद गर्दैन। वुस्टर पब्लिक स्कूलले रोजगार, सामान्य, पेशागत तथा व्यवसायिक शैक्षिक कार्यक्रमहरूमा पूर्ण रुपमा समान पहुँचको अवसर प्रदान गर्दछ। समान अवसर/सकारात्मक विभेदका बारेमा थप जानकारीको लागि प्रमुख मानव संसाधन अधिकृतलाई, २० आइर्भिङ्ग स्ट्रिट, वुस्टर, मासाचुसेट्स ०१६०९ मा फोन नं. (५०८) ७९९–३०२० मा सम्पर्क गर्नुहोला।

### वुस्टर पब्लिक स्कूल

# बदमासी रोकथाम तथा कार्यवाही योजना

WORCESTER PUBLIC SCHOOLS

**Bullying Prevention and Intervention Plan**

## उद्धेश्यको बयान
## Statement of Purpose

वुस्टर पब्लिक स्कुल बदमासी तथा कार्यवाही योजना, बदमासी तथा साईबर (विद्युतिय) अपराधलाई सम्बोधन गर्ने एउटा वृहत् दृष्टीकोण हो । वुस्टर पब्लिक स्कुल समुदायले सबै भिन्नताहरुको बीचमा एक अर्कोलाई नागरिकको रुपमा आदरपुर्वक व्यवहार गर्नेछ । वुस्टर पब्लिक स्कुल विद्यार्थीहरु, कर्मचारी, परिवार, कानून कार्यान्वयन निकाय तथा समुदायहरुसंग मिलेर हिंसाजन्य कृयाकलापहरु रोक्न प्रतिवद्ध छ । उल्लेखित् निकाय तथा पक्षहरुसंग परामर्श गरे पछि हामीले बदमासीसंग सम्बन्धित् घटनाहरु, साईबर बदमासी र प्रतिकारको भावनाले हुने घटनाहरुको रोकथाम, हस्तक्षेप तथा सम्बोधन गर्न यो योजना बनाएका छौं । जिल्लाले विद्यार्थीहरु बदमासीका घटनाहरुबाट सुरक्षित् छन् भनेर निश्चित् गर्न यो योजना लागू गर्न गम्भिर रुपमा जिम्मेवारी लिएको छ । वुस्टर पब्लिक स्कूल सबै विद्यार्थीहरुलाई ब्यक्तिगत् अथवा साईबर बदमासीबाट मुक्त रहेको सूरक्षित सिकाई वातावरण प्रदान गर्न प्रतिवद्ध छ । यो प्रतिवद्धता सिकाईलाई अभिवृद्धि गर्न र विभिन्न किसिमका बदमासीहरुको रोकथाम तथा निर्मुल गर्न र अन्य हानीकारक वा खराब आचरण जो अध्ययन प्रकृया तथा सबै विद्यार्थीहरुको उत्कृष्ट नतिजा ल्याउँनमा बाधक छन्, त्यसलाई नियन्त्रण गर्ने हाम्रो वृहत् दृष्टिकोणको एक अभिन्न अङ्गको रुपमा रहेको छ ।

हामीले केही विद्यार्थीहरु जाति, वर्ण, धर्म, पुर्खा, राष्ट्रिय उत्पत्ति, लिङ्ग, सामजिक-आर्थिक स्तर, घरबारविहिनता, शैक्षिक स्तर, लिङ्ग पहिचान तथा भावना, भौतिक उपस्थिति, गर्भवती वा अभिभावकत्व स्तर, लैङ्गिक अभिमुखिकरण, मानसिक, शारीरिक वा स्मरण शक्ति कमजोर वा कुनै ब्यक्ति जस्को माथि उल्लेखित् मध्ये कुनै एक वा बढी विशेषताहरु छन् भनेर पहिचान गरेका छौं र त्यस्तो अवस्थामा वास्तविक अथवा कथित् विशेषताको आधारमा विद्यार्थीहरु बदमासी, उत्पिडन् र जिस्क्याउने कार्यबाट पीडित् भएका हुन्छन् । वुस्टर पब्लिक स्कूलले स्कूलको भवन, स्कूल मैदान अथवा स्कूलसंग सम्बन्धित् कुनैपनि कृयाकलापहरुमा बदमासी, साईबर बदमासी वा बदमासीको प्रतिकार गर्ने भावनाले प्रेरित् भई कुनै घटना घट्न गएमा समेत गरी कुनै किसिमको गैरकानूनी तथा विध्वँशात्मक आचरण/गतिविधीहरुलाई सहन गर्ने छैन । कुनै पनि बदमासी, साईबर (विद्युतिय) बदमासी तथा प्रतिकारका घटनाबारे परेका उजुरी तथा रिपोर्टहरु उपर हामी तत्काल अनुसन्धान गर्छौं र त्यस्ता बदमासी व्यवहारको अन्त गर्न तथा विद्यार्थीलाई शान्ति सूरक्षा बहाल भएको महशुस गराउँन बदमासी गर्नेलाई तुरन्तै कारबाही गर्छौं । हामी यो प्रतिवद्धता बमोजिम स्कूल समुदाय, पाठय्क्रम, निर्देशनात्मक कार्यक्रमहरु, कर्मचारी विकास तथा अतिरिक्त कृयाकलाप सम्बन्धि गतिविधीहरुका सबै पक्षहरुमा सहयोग गर्नेछौं र बदमासी रोकथाम गर्ने अभियानमा अभिभावक/संरक्षकहरुलाई संलग्न गराउँनेछौं ।

# १. नेतृत्व
# I: LEADERSHIP

नेतृत्वले वुस्टर पब्लिक स्कूलको बदमासी रोकथाम तथा कार्यवाही योजनाको विकास तथा कार्यान्वयनको लागि सबै क्षेत्रमा महत्वूपर्ण भूमिका खेलेको हुन्छ। नेतृत्वकर्ताको प्राथमिक भूमिका भनेको विद्यार्थीहरुलाई एक आपसमा नागरिकको रुपमा व्यवहार गर्न र विद्यार्थी बीचको विविधता तथा भिन्नतालाई आदर गर्नको लागि आफ्नो बुझाईलाई सुदृढ पार्न सिकाउँने हो । यो अभियानको लागि प्रमुख शिक्षा अधिकृत, तोकिएका कर्मचारी सदस्यहरु, स्कूलका नेतृत्वकर्ता समेत जिल्लाको नेतृत्व लिने ब्यक्ति जिम्मेवारी हुन्छ। उनिहरुले बदमासीपनका प्राथमिकताहरु निर्धारण गरी त्यसलाई प्रभावकारी रुपमा सम्बोधन गर्न योजनालाई समायोजन गर्दै हाल भैरहेको अनुसन्धानको प्रयोग गर्नेछन् ।

**ए. योजना विकासमा जनसहभागिता महत्वपूर्ण हुन्छ ।**
**A. Public Involvement is important in developing the plan.**

एम.जि.एल.सी.७१,§३७० (M.G.L.c. 71, §370) बमोजिम शिक्षक, स्कूल कर्मचारी, विशेषज्ञ सहयोग, स्कूलका स्वयम् सेवक, प्रशासक, सामुदायीक प्रतिनिधी, स्थानीय कानून कार्यान्वयन निकाय, विद्यार्थी, अभिभावक/संरक्षक, आदि सबैको सल्लाह र परामर्शबाट वुस्टर पब्लिक स्कूलको बदमासी रोकथाम तथा कार्यवाही योजना विकास गरिएको हो । माथि उल्लेखित् विभिन्न सरोकारवालाहरुलाई वुस्टर पब्लिक स्कूलले यो प्रकृयामा सकृय रुपमा सहभागी गराएको थियो ।
हामीले बदमासी रोकथाम तथा कार्यवाही योजनाको गोलमेच बैठक आयोजना गरी निम्न निकाय तथा पक्षहरुलाई योजना प्रस्तुत् गरी उनिहरुबाट राय-सुझावहरु संकलन गरेका थियौं: शहरी अभिभावक सल्लाहकार परिषद्, विशेष शिक्षा सल्लाहकार परिषद्, स्कूल शिक्षण समिति, सिकाई तथा विद्यार्थी सहयोग उप-समिति, सुपरिन्टेण्डेण्टको विद्यार्थी सल्लाहकार परिषदबाट सर्वेक्षण गरिएका विद्यार्थीहरु र स्थानीय केबल टेलीभिजन च्यानलबाट सञ्चालन गरिएको सूचनामुलक अधिवेशन ।

**बि. आन्तरिक तथा बाह्य सरोकारवालाहरु आवश्यकता र श्रोत मूल्याङ्कन गर्न उपयोगी थिए ।**
**B. Internal and External stakeholders were useful in assessing needs and resources.**

विद्यमान स्वस्थ्य स्कूल वातावरण अभियान तथा कार्यक्रमहरुमा निहित रही बदमासीका मुद्धाहरुलाई रोकथाम तथा सम्बोधन गर्ने कार्यक्षमतामा अभिवृद्धि गर्न यस योजनाले जिल्लाको एउटा खाका (ब्ल्युप्रिन्ट) को रुपमा काम गर्नेछ । यस्मा निम्न विषयहरु समावेश छन्:

१. स्कूलव्यापी सकारात्मक आचरणको लागि कार्यवाही तथा सहयोग

२. दोस्रो कदमः हिंसा रोकथाम पाठ्यक्रमः कक्षा के देखी २ सम्म (Grades K-2)

३. छुन हुने सम्बन्धमा कुराकानी गर्ने

४. विस्तृत् स्कूल स्वास्थ्य पाठ्यक्रमको लागि मिचिगन नमूनाः कक्षा के देखी १२ सम्म (Grades K-12)

५. आदर सम्मानका कदमहरुः एउटा बदमासी रोकथाम पाठ्यक्रमः कक्षा ८ देखी १० सम्म (Grades 8-10)

६.जीवन-यापन सीप तालिमः कक्षा ४ देखी १० सम्म (Grades 4-10)

७. सूरक्षित भेटघाट समय (प्रेम मिलन): किशोर किशोरी भेटघाट दुरुपयोग रोकथाम कार्यक्रम, कक्षा ८ देखी १० सम्म (Grades 8-10)

८.गिरोह (Gang) रोकथाम तथा हस्तक्षेप कार्यक्रम

स्वास्थ्य तथा शारिरीक स्वास्थ्य शिक्षा सम्पर्क व्यक्तिको निर्देशनमा स्कूल नेतृत्वकर्ताहरुले परिवार तथा कर्मचारीको शुभ्रुावहरुबाट यो कार्यक्रम वार्षिक रुपमा मूल्याङ्कन गर्छन; हालको नीति तथा कार्यविधिहरुको समिक्षा गर्छन्; बदमासी तथा व्यवहारजन्य घटनाका बारेमा उपलब्ध तथ्याङ्कहरुको समिक्षा गर्छन्; र पाठ्यक्रम, तालिम कार्यक्रमहरु तथा व्यवहारजन्य स्वास्थ्य सेवाहरु सम्बन्धमा उपलब्ध श्रोतहरुको मूल्याङ्कन गर्छन् ।

नक्साङ्कन (mapping) प्रकृयाले हाम्रो हाईस्कूल तथा जिल्लामा श्रोत अभाव (gaps) र महत्वपूर्ण आवश्यक क्षेत्रहरुको पहिचान गर्न मद्धत पुर्‍याउँछ । नीति तथा कार्यविधीहरुको परिमार्जन र विकास गर्न, कानून कार्यान्वयन गर्ने निकायहरु समेत सामुदायीक संस्थाहरुसंग साझेदारी सम्बन्ध स्थापना गर्न र वुस्टर पब्लिक स्कूलका प्राथमिकताहरु निर्धारण गर्न जिल्लास्तरमा सम्भावित प्रयोगको लागि प्रमुख शिक्षा अधिकृतलाई सिफारिस गरिनेछ । स्कूल सूरक्षा सम्पर्क व्यक्तिको सहयोगमा जिल्ला तथा प्रत्येक स्कूलहरुले स्कूल विशेष बदमासी (कमजोर जनसंख्या, स्कूल भवनभित्र बदमासी हुनसक्ने स्थानहरु (Hot Spots),स्कूलको मैदान अथवा स्कूल बस सम्बन्धि घट्ना पहिचान गर्नमा केन्द्रित भई) तथा त्यसको फैलावट र विशेषताबारे तथ्याङ्क संकलन तथा विश्लेषण गर्नेछन् ।

यो सूचनाले विद्यार्थीको बानी-व्यहोराको ढाँचा र सरोकारका क्षेत्रहरु पहिचान गर्न सहयोग मिल्नेछ साथै युवा सुपरिवेक्षण, व्यावसायीक बिकास, उमेर उपयुक्त पाठ्यक्रमहरु र स्कूल परिसरभित्र दिइने सहयोग सेवा समेत रोकथाम रणनीतिहरु तयार गर्न, तर यो यतिकैमा सिमित नरहन सक्छ, निर्णयको लागि जानकारी दिन सहयोग पुर्‍याउँनेछ । सूरक्षित सिकाई वातावरण कमिटी स्कूल र केन्द्रिय कार्यालय कर्मचारी सदस्यहरु, विद्यार्थी, अभिभावक प्रतिनिधीहरु तथा समुदायमा आधारित सरोकारवालाहरु मिलेर बनेको छ । यो कमिटीले योजना पुनरावलोकन तथा सुधारको लागि जानकारी गराउँन वार्षिक आवश्यकता मूल्याँङ्कन कार्यक्रम सञ्चालन गर्नेछ ।

**सि. योजना तथा निरिक्षण**
**C.Planing and Oversight**

यो योजना बदमासी तथा साईबर बदमासीलाई सम्बोधन गर्ने एक वृहत् दृष्टिकोण हो र स्कूल तथा जिल्लामा हुने विषयलाई रोकथााम गर्न विद्यार्थी, कर्मचारी, परिवार, कानून पालना गराउने निकाय र समुदायहरुसंग मिलेर काम गर्न प्रतिवद्ध छ् । माथि उल्लेखित् सरोकारवाला पक्षहरुको परामर्शमा हामीले बदमासी, साईबर बदमासी तथा प्रतिकारको भावनालाई रोकथाम, हस्तक्षेप तथा सम्बोधन गर्न यो योजना स्थापना गरेका छौं । स्कूल प्रिन्सिपल अथवा तोकिएको व्यक्ति यो योजना कार्यान्वयन तथा निरिक्षण गर्न जिम्मेवार छन्, बदमासी कार्यमा स्कूलको प्रिन्सिपल तथा सहायक प्रिन्सिपल कथित् आक्रमणकारीको रुपमा संलग्न भएको अवस्थामा बाहेक । त्यस्तो अवस्थामा सुपरिन्टेन्डेन्ट (अधिक्षक) अथवा तोकिएको व्यक्तिले प्रतिवेदन अनुसन्धान गर्न र योजना कार्यान्वयन गर्न, आक्रमणकारीको शूरक्षा सम्बोधन गर्न समेत, अन्य आवश्यक कदमहरु चाल्न जिम्मेवार हुनेछन् ।

यदि सुपरिन्टेन्डेन्ट कथित आक्रमणकारी हो भने स्कूल समिति अथवा तोकिएको ब्यक्ति प्रतिवेदन अनुसन्धान गर्न र योजना कार्यान्वयन गर्न, आक्रमणकारीको सूरक्षा सम्बोधन गर्न समेत, अन्य आवश्यक कदमहरु चाल्न जिम्मेवार हुनेछन् । तलको तालिकाले योजना कार्य तथा नेतृत्वकर्ताको जिम्मेवारी रुपरेखा दिएको छ ।

| **कार्य** (Tasks) | **नेतृत्वकर्ताहरु** (Leaders) |
|---|---|
| बदमासी बारेमा रिपोर्ट प्राप्त गर्ने । | स्कूल कमिटी अथवा तोकिएको ब्यक्ति<br>सुपरिन्टेन्डेन्ट अथवा तोकिएको ब्यक्ति<br>स्कूल प्रिन्सिपल<br>स्कूल सूरक्षा निर्देशक |
| बर्तमान समस्याको मूल्याङ्कन तथा सुधार भएको परिणाम मापन गर्न स्कूलब्यापी बदमासी बारे तथ्याङ्क संकलन र विश्लेषण गर्ने । | स्कूल सूरक्षा निर्देशक<br>स्वस्थ्य तथा सूरक्षित वातावरण समिति |
| अभिलेख राख्ने र घटनाबारे प्रतिवेदनहरु अनुसन्धान गर्ने प्रकृया निर्माण गर्न र पिडीत तथा आक्रमणकारी सम्बन्धि सूचनामा पहुँच पुर्‍याउँने । | सूचना प्रणाली अधिकृत<br>स्कूल सुरक्षा निर्देशक<br>सूरक्षित तथा सुनिश्चित् सिकाई वातावरण समिति |
| कानूनलाई आवश्यक पर्ने भैरहका ब्यावसायीक विकासको लागि योजना निर्माण गर्ने । | ब्यावसायीक विकास ब्यवस्थापक<br>स्कूल सूरक्षा निर्देशक<br>सूरक्षित तथा सुनिश्चित् सिकाई वातावरण समिति |
| पीडित तथा आक्रमणकारीको आवश्यकतालाई सम्बोधन गर्ने सहयोग योजना बनाउँने | सल्लाहकार, मनोवैज्ञानिक र समुदायसम्म पहुँच हुने सेवा संयोजक<br>सूरक्षित तथा सुनिश्चित् सिकाई वातावरण समिति |
| स्कूल अथवा जिल्लाले प्रयोग गर्ने पाठ्यक्रम छनोट तथा कार्यान्वयन गर्ने | स्वास्थ्य तथा शारीरिक शिक्षा सम्पर्क अधिकृत<br>सूरक्षित तथा सुनिश्चित सिकाई वातावरण समिति |
| ईन्टरनेट सूरक्षा नीति समेत, योजना अन्तर्गत् नयाँ नीति निर्माण गर्ने अथवा वर्तमान नीति तथा प्रोटोकलहरु लाई परिमार्जन गर्ने । | सहायक अधिक्षक<br>सूरक्षित तथा सुनिश्चित् सिकाई वातावरण समिति |
| विद्यार्थी र कर्मचारी पुस्तिका तथा आचार संहिता संशोधन गर्ने, अन्य बस्तु मध्येबाट गरेजस्तै, स्कूल कर्मचारीबाट विद्यार्थी माथी भएको बदमासी वा अन्य विद्यार्थीको बदमासी सहन गर्न सकिने छैन भन्ने कुरामा स्पष्ट हुने । | सहायक अधिक्षक<br>सूरक्षित तथा सुनिश्चित् सिकाई वातावरण समिति |
| अविभावक अथवा परिवार संलग्न प्रयासमा नेतृत्व दिने र सूचना सामग्रीको मस्यौदा तयार गर्ने । | सूचना तथा स्कूल सहयोग संयोजक<br>स्कूल सूरक्षा निर्देशक<br>सूरक्षित तथा सुनिश्चित् सिकाई वातावरण समिति |
| प्रत्येक वर्ष अथवा त्यो भन्दा छिटो योजनाको समिक्षा र अद्यावधिक गर्ने । | सूरक्षित तथा सुनिश्चित् सिकाई वातावरण समिति<br>स्कूल सूरक्षा निर्देशक |

## २. तालिम तथा ब्यावसायीक बिकास

## II: TRAINING AND PROFESSIONAL DEVELOPMENT

वुस्टर पब्लिक स्कूलले शिक्षक, प्रशासक, परामर्श सेवा अधिकृत, स्कूल नर्स, चमेनागृहका कर्मचारी, स्कूल संरक्षक, बस चालक, खेलकुद प्रशिक्षक, अतिरिक्त कृयाकलाप गतिविधी सम्बन्धि सल्लाहकार र एम.जि.एल.सी.७१,§३७० (M.G.L.c. 71, §370) नियम बमोजिम व्यावसायीक व्यक्तिहरु, यतिमै सिमित रहने छैन, समेत गरी सबै कर्मचारीहरुको निरन्तर व्यावसायीक विकास प्रदान गर्दछ ।

**ए. वार्षिक कर्मचारी तालिम**
**A. Annual Staff Training**

वुस्टर पब्लिक स्कूलले बदमासी योजना सम्बन्धमा सबै स्कूल कर्मचारीहरुको लागि वार्षिक तालिम सञ्चालन गर्नेछ । यो तालिम निम्न क्षेत्रहरुमा केन्द्रित हुनेछ : बदमासी व्यवहारको पहिचान गर्ने, बदमासीको किसिम, आक्रमणकारी, पीडित र घटनाको साक्षीहुनेहरुको भूमिका, एम.जि.एल.सी.७१,§३७० (M.G.L.c. 71, §370) अन्तर्गत अधिकार तथा कर्तव्य, योजना अन्तर्गत् कर्मचारीको दायित्व, प्रिन्सिपल तथा प्रशासनिक कर्मचारीले बदमासी तथा प्रतिकार सम्बन्धि रिपोर्ट प्राप्त भएपछि पालन गर्नुपर्ने कदमको समिक्षा र वुस्टर पब्लिक स्कूलका सबै कक्षाहरुमा लगाइने बदमासी रोकथाम पाठ्यक्रमको एक समिक्षा । प्रिन्सिपल, सहायक प्रिन्सिपल, परामर्शदाता र स्वास्थ्य शिक्षक समेत प्रत्येक स्कूलका टोलीहरुलाई योजनाको बारेमा तालिम दिइन्छ । त्यसपछि प्रत्येक टोलीले शिक्षक, प्रशासक, काउन्सिलर, नर्स, चमेनागृहका कामदारहरु, स्कूल संरक्षक र सम्पर्क ब्यक्ति, अतिरिक्त कृयाकलाप सल्लाहकार तथा व्यावसायीक ब्यक्तिहरु सबैलाई तालिम प्रदान गर्छ । बस चालकहरुले स्कूल सूरक्षा निर्देशकबाट तालिम लिन्छन् । खेलकुद प्रशिक्षकहरुलाई खेलकुद निर्देशकले तालिम दिनेछन् । शैक्षिक शत्र सुरु भएपछि नियुक्त हुने कर्मचारीले वुस्टर पब्लिक स्कूलको एक भागको रुपमा यो बदमासी रोकथाम तथा हस्तक्षेप अभिमुखिकरण (Orientation) तालिममा सहभागिता जनाउँन अनिवार्य हुनेछ ।

**बि. भैरहको व्यावसायीक विकास**
**B. Ongoing Professional Development**:

वुस्टर पब्लिक स्कूलले बदमासी रोकथाम, पहिचान तथा प्रतिकृया दिन भैरहेको ब्यावसायीक विकास मार्फत कर्मचारी सदस्यहरुको सीप विकासमा निरन्तरता दिनेछ । अनुसन्धानबाट स्कूल तथा जिल्लाव्यापी व्यावसायीक विकासको विषय दिइएको छ र यस्मा निम्न विवरणहरु उल्लेख हुनेछन् :

- बदमासी रोकथाम गर्न उमेर उपयुक्त रणनीतिहरुको विकास गर्ने
- बदमासीका घटनाहरुलाई रोक्न तत्काल, प्रभावकारी हस्तक्षेप गर्न उमेर उपयुक्त रणनीतिहरुको विकास गर्ने
- आक्रमणकारी र पिडीत बीचमा को बलियो र को निर्धो र उनिहरु तथा साक्षी बीचको जटील अन्तर्कृयाहरुबारे जानकारी
- विद्यार्थीको विशेष वर्ग जो स्कूल वातावरणमा बदमासी कार्यबाट प्रभावित भई जोखिमपूर्ण अवस्थामा रहँदै आएका छन् समेत गरी बदमासी सम्बन्धी अनुसन्धानबाट प्राप्त निश्कर्षहरु ।
- साईबर बदमासीको प्रकृति सम्बन्धि बिवरण

- ईन्टरनेट सूरक्षा विषय जो साईबर बदमासीसंग सम्बन्धित् हुन्छन् ।

ब्यावसायीक विकासले अपाङ्गगता भएका विद्यार्थीमा हुने बदमासी अथवा प्रतिकृया रोकथाम गर्ने तरिकाको पनि सम्बोधन गर्छ र यो विद्यार्थीको बैयक्तिगत् शिक्षा योजना (Individualized Education Plan) बनाउँदा खासगरी आत्मकेन्द्रित् विद्यार्थीहरुको आवश्यकता अथवा जसको अपाङ्गताले सामाजिक सीपहरुको विकास गर्न प्रभाव पार्छ त्यसलाई अनिवार्य रुपमा विचार गरिन्छ । ब्यावसायीक विकासको लागि निम्न अतिरिक्त क्षेत्रहरु पर्छन्:

- आदरार्थी भाषाको प्रयोगमा अभिवृद्धि तथा अभिनय
- विविधता र भिन्नताको आदर बारे बुझाई तथा अभिवृद्धि
- परिवारसंग सम्बन्ध र सञ्चार
- कक्षा कोठाको व्यवहार रचनात्मक किसिमले व्यवस्थापन
- सकारात्मक व्यवहार कार्यवाही रणनितीहरुको प्रयोग
- रचनात्मक व्यवहार लागू गर्न अभ्यास
- सकारात्मक सम्बाद, रिस व्यवस्थापन र अरुलाई सहानुभुति दिने समेत विद्यार्थीमा हुनुपर्ने सीपको पढाई
- विद्यार्थीहरुलाई स्कूल अथवा कक्षा कोठा योजना र निर्णय प्रकृया एवँ सबै विद्यार्थीको लागि सूरक्षित कक्षाकोठा निर्माणमा संलग्न
- सबै विद्यार्थीको लागि सूरक्षित कक्षाकोठा निर्माण
- दुराचारलाई सुधार गर्न निर्माण गरिएको स्वीकार्य व्यवस्थापकीय व्यवहारहरु, स्कूल परिवेशमा जवाफदेहिता राख्न र बदमासी व्यवहारहरुको बीचमा फरक छुट्याउँनको लागि कर्मचारी र जो योजना कार्यान्वयन तथा निरिक्षणको लागि उत्तरदायी हुन्छन् उनिहरुलाई संलग्न गराउँने ।

**सि. कर्मचारीलाई लिखित सूचना**
**C. Written Notice to Staff**

जिल्लाले वुस्टर पब्लिक स्कूलको बदमासी रोकथाम तथा कार्यवाही योजनाबारे सुपरिन्टेन्डेन्टको बुलेटिनमा सूचना प्रकाशित गरी सबै कर्मचारीहरुलाई वार्षिक रुपमा सूचित् गर्नेछ । यो सूचनामा सम्बन्धित कर्मचारीको कर्तब्य खण्ड र स्कूलका कर्मचारीबाट विद्यार्थीमाथि हुने बदमासीहरु पनि समावेश हुनेछन् । यसलाई वेबसाईटमा राखिनेछ र प्रत्येक भवनहरुमा टाँस गरिनेछ ।

## ३. श्रोत तथा सेवामा पहुँच
## III: ACCESS TO RESOURCES AND SERVICES

वुस्टर पब्लिक स्कूलव्यापी सूरक्षित सिकाई वातावरण अघी बढाउँने एउटा महत्वपूर्ण पक्ष भनेको पीडित, विद्यार्थी र पिडकमा अन्तर्निहित् भावनात्मक आवश्यकताहरुको सम्बोधन सुनिश्चित्ता गर्नु हो । बदमासी रोकथाम गर्न सुरुमै कार्यवाही गर्ने र प्रभावकारी रुपमा बदमासीको जवाफ दिन जिल्लाको क्षमतालाई अभिवृद्धि गर्नको लागि वुस्टर पब्लिक

स्कूलको उपलब्ध श्रोत जस्ले बदमासीको गतिशिलताको बुझाई प्रतिबिम्बित गर्न र पीडित, विद्यार्थी, पीडक तथा परिवारहरुको आवश्यकता सम्बोधन गर्ने दृष्टिकोणहरु प्रदान गर्छ ।

**ए. श्रोतहरुको पहिचान**
**A. Identifying Resources**

जिल्लाको सकारात्मक व्यवहार कार्यवाही तथा सहयोग (Posititive Behavior Interventions and Supports-PBIS) अभियान हाल २२ वटा स्कूलहरुमा सञ्चालन भैरहेका छन् र वैकल्पिक कार्यक्रमले आशातित् साझा व्यवहारहरु स्थापना गर्न र प्रत्येक स्कूल परिसरभित्र सबै कर्मचारीहरुमा आदर गर्ने सँस्कृतिको एउटा बलियो ढाँचा प्रदान गर्छ । यो स्कूलव्यापी दृष्टिकोण प्रयोगलाई सहयोग पुर्‍याउँने उपलब्ध श्रोतहरुमा निम्न कुराहरु पर्दछन्: विद्यार्थीका उपयुक्त सामाजिक व्यवहारहरु बढाउँन शिक्षण गर्ने सीप र सकारात्मक स्कूल वातावरण निर्माण जस्ले उपयुक्त अन्तर व्यक्तिगत् व्यवहारलाई सहयोग गर्दछ त्यस्तो कार्य निर्माण गर्न कर्मचारीलाई तालिम दिने । “पिबिआईएस” लागू गर्ने जिल्लाको सफल रणनीतिहरु (Successful Strategies) जिल्लाको वेबसाईटमा र यो सहित थप सम्बन्धित् श्रोतहरु र सकारात्मक व्यवहार सहयोग राष्ट्रिय केन्द्र (National Center for Positive Behavior Supports) को बारेमा वेबसाईट http//pbis.org मा उपलब्ध छन् । मासाच्युसेट् बाल मानसिक आघात (ट्राउमा) केन्द्र (Massachustts Child Trauma Center) हाम्रो संलग्नता समेत्, जिल्लाको स्कूल वातावरणमा प्रत्येक कक्षा तहका सबै युवाहरुको उपयुक्त सामाजिक व्यवहार शिक्षणमा जिल्लाको अन्य अभियानहरुसंग एकरुपता छ । समस्या समाधानको लागि स्थापित् एउटा संरचना “पिबिआईएस” ले स्कूलभित्र व्यवहारजन्य समस्यालाई सकृय रुपमा पहिचान गरी आवश्यकता बमोजिम रोकथामका रणनीतिहरुको विकास गर्छ । परिवार र समुदायमा आधारित सहयोग श्रोतहरुको सम्पर्कलाई पनि “पिबिआईएस” का स्कूलभित्र औपचारिकता दिइनेछ ।

**बि. परामर्श तथा अन्य सेवाहरु**
**B. Counseling and Other Services**

बाल अध्ययन विभाग (Child Study Department) ले स्कूल समायोजन काउन्सिलर र स्कूल मनोवैज्ञानिकहरुलाई प्रत्येक स्कूलमा या त आंशिक (Part time) वा पूर्ण समय (Full time) को लागि कार्य गर्ने जिम्मेवारी दिन्छ (बाल अध्ययन विभागको परिशिष्टाङ्कमा हेर्नुहोस्) । उनिहरुको स्कूल कार्यबाट मानसिक स्वास्थ्य विज्ञहरु जानकार छन् र विद्यार्थीहरुको बीच हुने बदमासी र धम्कीको कार्यवाहीमा संलग्न हुने प्रत्येक स्कुल समुदायको विश्वासिला सदस्यहरु जो परिस्थिती अनुसार मूल्याङ्कन गर्न सहयोगको लागि सजिलैसंग उपलब्ध हुन्छन् ।

उपयुक्त भएमा उनिहरुले बदमासी कार्यबाट पीडित् भैरहेका विद्यार्थीको लागि “विद्यार्थी सहयोग योजना” (Student Support Plan) विकास गर्न तथा त्यसलाई कार्यान्वयन गर्न सहयोग गर्छन् साथै अभिभावक तथा विद्यार्थीहरुलाई सहयोग सेवा श्रोतको लागि सिफारिस गर्छन् । अतिरिक्त रुपमा यी सहयोग सदस्यहरुले ब्यक्तिगत् तथा साना समुहमा रहेका विद्यार्थीहरु जसलाई यी पाठ्हरुमा बारम्बार आउँनुपर्छ, स्वास्थ्य शिक्षा शिक्षकले सम्बोधन गर्ने पूर्व शिक्षण तथा पुनः शिक्षणबाट सामाजिक सीप पाठ्यक्रम शुदृढिकरण गर्छन् । विद्यार्थी समायोजन काउन्सिलरले विद्यार्थीको लागि छोटो अवधीको व्यक्तिगत् तथा समुहगत् परामर्श सेवाहरु प्रदान गर्छन्, सामुदायीक संस्थाहरुसंग सहयोग सेवाको सम्बन्ध

विकास गर्न विद्यार्थी/परिवारहरुलाई केस मेनेजरको रुपमा सेवा प्रदान गर्छन् र गैरहिंसा द्वन्द समाधान तथा मध्यस्थता सेवा प्रदान गर्दछन् ।

स्कूल समायोजन काउन्सिलरहरुले जिल्ला शुपरिवेक्षक उपस्थितको रुपमा पनि काम गर्छन् र बदमासी पहिचान गर्न सक्छन् जस्ले स्कूल त्यागेको कारणले अनुपस्थितिलाई गहिरो रुपमा बढाउँछन् । वुस्टर जुभेनाईल कोर्टको क्लर्क मजिस्ट्रेट (Worcester Juvenile Court's Clerk Magistrate) संग र औपचारिक तथा अनौपचारिक सहयोगको लागि परीक्षणकाल विभागको निवेदनले यी कार्यालयहरु मार्फत् सरोकारका विषय उपर उपयुक्त ध्यान दिन्छन् । स्कूल समायोजन काउन्सिलरहरु भएको विद्यार्थी स्कूल सूरक्षा केन्द्र र विशेष शिक्षामा लाईसेन्स प्राप्त भएको शिक्षकले छोटो अवधिको (३ दिन) विकल्प प्रदान गर्छन् जस् अन्तर्गत् विद्यार्थी जो गम्भिर बदमासी तथा धम्कीपूर्ण व्यवहारमा संलग्न छन् उनिहरुले आवश्यक गहन मूल्याङ्कन (Intensive need assessment) प्राप्त गर्छन् र अनुसन्धानमा आधारित विकल्पहरुको लागि पाठ्यक्रम विकास गरिन्छ जस्ले अन्तरव्यक्तिगत् सकारात्मक तथा गैरहिंसा द्वन्द समाधानका सीपहरुको विकास गर्छ ।

यो शैक्षिक रुपमा उपयुक्त कार्यवाहीले आवश्यक प्रतिस्थापन व्यवहारको शिक्षण, विद्यार्थीको आवश्यकता पहिचान र जब विद्यार्थीहरु उनिहरुको स्कूलमा फर्किन्छन तब कार्यान्वयनको लागि सहयोग योजना विकास गर्छ । सूरक्षा केन्द्रले पनि स्विकार्य तथा आशा गरिएको व्यवहार सम्बन्धि एउटा स्पष्ट सन्देश पठाउँछ । अस्थायी सिकाई केन्द्र (Temporary Learning Center)ले छोटो अवधीको मूल्याङ्कन र गम्भिर व्यवहार/भावनात्मक विषयहरु जस्ले उनिहरुको आफ्नो शिक्षा आर्जन गर्न तथा मुलधार कक्षाका साथीहरुलाई बाधा पुर्‍याउँछ, त्यो ईतिहासलाई देखाउँदै निम्न माध्यमिक विद्यार्थीहरुको लागि स्थायीत्व प्रदान गर्छ । मुलधार कक्षामा विद्यार्थीको शैक्षिक, व्यवहारजन्य, भावनात्मक र सामाजिक सफलतालाई सहयोग गर्ने योजनाका साथ विद्यार्थी दुई देखी तीन हप्तामा कार्यक्रमबाट बाहिरिन्छन् । अस्थायी सिकाई केन्द्र कक्षा कोठाहरुको एउटा सानो, उच्च संरचनायुक्त र शुपरिवेक्षण गर्ने परिवेशले उपयुक्त व्यवहारको लागि गहन शिक्षण गर्न सक्षम हुन्छ । प्रत्येक विद्यार्थीको आवश्यकता र उपयुक्त भएमा उनिहरुको परिवारको आवश्यकता बमोजिम अतिरिक्त सहयोग योजनाहरु बनाइन्छ ।

**सि. अपाङ्गता भएका विद्यार्थीहरु**
**C. Student with Disabilities**

वुस्टर पब्लिक स्कूलको आत्मकेन्द्रित अपाङ्गता भएका विद्यार्थीहरुको लागि आईइपी टोलीले अनिवार्य रुपमा विचार गर्नु पर्नेछ र खासगरी बदमासी, उत्पिडन् अथवा जिस्क्याउने कार्यलाई निर्मुल अथवा निरुत्साहित गर्न आवस्यक सीप र दक्षताहरु बारे सम्बोधन गर्नु पर्दछ । जब आईइपी टोलीको मूल्याङ्कनले विद्यार्थीको अपाङ्गताले उसलाई बदमासी, उत्पिडन् अथवा जिस्क्याउने कार्यको लागि जोखिमपूर्ण अवस्थामा भएको देखाउँछ, आईइपी टोलीले अनिवार्य रुपमा त्यस्तो जोखिम्बाट बच्न अथवा त्यस्को प्रतिकृया दिने सीप तथा दक्षता बारे अनिवार्य रुपमा सम्बोधन गर्नु पर्दछ ।

**डि.बाहिरी सेवाको लागि सिफारिस**
**D. Referral to outside services**

स्कूलमा आधारित भर्ना प्रकृया (परिशिष्टाङ्कको दिशा निर्देशनमा हेर्नुहोस्) ले स्कूल, जिल्ला र मानसिक स्वास्थ्य प्रदायक संस्थाहरुबीच अभ्यास गर्ने प्रोटोकल प्रदान गर्छ जस्ले विद्यार्थीको सिफारिस र उनीहरुको सामाजिक भावनात्मक

कार्यहरुमा आवश्यक उपचार सहित उपयुक्त स्थानहरुका चिकित्सकहरुसंग भेट गराउँने कार्यलाई छिटो बनाइदिन्छ । यो प्रकृयाको प्रयोगबाट स्कूल समायोजन काउन्सिलरहरु र स्कूल मनोवैज्ञानिकहरु परिवारलाई सहयोग गर्न सक्षम हुन्छन् अन्यथा उनिहरु मानसिक स्वास्थ्यको लागि उपयुक्त सेवा प्रदायकहरुसंग संलग्नभै चुनौतिको सामना गर्नु परेको हुन सक्छ । यसबाहेक, अभिभावकले हस्ताक्षर गरी जारी गरिएको कागज जस्ले स्कूलमा आधारित भर्नाको लागि सहमति प्रदान गर्छ त्यस्ले सरोकारका विषयहरु जस्मा तत्काल सिफारिस आवश्यकता पर्छ, सूचना आदान-प्रदान गर्न स्कूल कर्मचारीलाई सक्षम बनाउँछ । यो प्रकृयाबाट स्कूलमा पहिचान गरिने बदमासी व्यवहारसंग सम्बन्धित सरोकारहरु समुदायमा आधारित सेवा प्रदायकहरुसंग सूचना आदान-प्रदान गर्न सकिन्छ जस्ले समग्र उपचार योजनाभित्र रहेर विषयलाई सम्बोधन गर्न सक्छ ।

## ४. शैक्षिक तथा गैर-शैक्षिक कृयाकलापहरु
## IV: ACADEMIC AND NON-ACADEMIC ACTIVITIES

वुस्टर पब्लिक स्कूलले बदमासी रोकथाम गर्न जिल्ला प्रमाणमा आधारित स्वास्थ्य पाठ्यक्रम समावेश भएको उमेर उपयुक्त निर्देशन प्रत्येक कक्षाहरुमा प्रदान गर्दछ । प्रभावकारी निर्देशनमा निम्न कुराहरु समावेश रहेका हुन्छन्: कक्षाकोठा दृष्टिकोण र बदमासी रोकथाम तथा सामाजिक सीप विकासको लागि केन्द्रिकृत् रणनीतिहरु भएको समग्र स्कूल अभियान । वुस्टर पब्लिक स्कूलका स्थापित प्राथमिकताहरु निम्नानुसार छन् (The established priorities of the Worcester Public Schools):

**ए. बदमासी रोकथामका विशिष्ट पद्धतिहरु**
**A. Specific bullying prevention approaches**

हाल अनुसन्धानको आधारमा बदमासी रोकथाम पाठ्यक्रम निरन्तर रुपमा प्रदान गरिनेछ जसमध्ये निम्न पद्धतिहरुलाई विशेष रुपमा जोड् दिइनेछ:

- सीप विकास गर्न सम्बाद र अभिनय गरेर
- विद्यार्थी अथवा कर्मचारीलाई जब उनिहरुले अन्य विद्यार्थीहरु बदमासी अथवा प्रतिकारमा संलग्न भएको र ठूला व्यक्तिको सहयोग खोजिरहेको देख्छन् त्यसबेला के गर्ने भन्ने थाहा पाएर आवश्यक कार्य गर्न उनिहरुलाई शसक्तिकरण गर्ने ।
- विद्यार्थीलाई बदमासी र साईबर बदमासीको गतिशिलता, त्यसमा अन्तर्निहित् असुन्तलित शक्ति समेत गरी, बुझ्न् सहयोग गर्ने ।
- सूरक्षित तथा विद्युतिय सञ्चार प्रविधीको उपयुक्त प्रयोग समेत गरी साईबर सूरक्षामा जोड् दिने ।
- स्वस्थ्य सम्बन्ध स्थापना र आदरपुर्वक कुराकानीमा संलग्न हुनको लागि विद्यार्थीको सीपलाई शुदृढीकरण गर्ने
- विद्यार्थीलाई सूरक्षित र स्कूल वातावरणलाई सहयोग गर्न जस्ले विविधता तथा भिन्नतालाई सम्मान गर्छ, कार्यमा संलग्न गराउने ।

यस अभियानमा विद्यार्थीका सभाहरु, कक्षा कोठा निर्देशन र स्कूलव्यापी सन्देशबाट विद्यार्थीलाई प्रत्येक वर्षको सुरुमा बदमासी रोकथाम तथा कार्यबाही बारेको विद्यार्थी सम्बन्धित खण्डहरु पढाउने समेत समावेश हुन्छ । प्रमाणमा आधारित बदमासी रोकथाम पाठ्यक्रमहरु निम्नानुसार उल्लेखित् छनः

**प्राथमिक स्कूलहरु (Elementary Schools)**

वुस्टर पब्लिक स्कूलको प्रणालीब्यापी स्वास्थ्य प्रशिक्षकहरु छन् जस्ले सबै प्राथमिक स्कूलका कक्षा ४ देखी ६ सम्मका सबै विद्यार्थीहरुलाई पढाउँछन् । तल दिइएको प्रमाणमा आधारित सामाजिक सीपहरु तथा बदमासी र हिंसा रोकथाम पाठ्यक्रमहरुको प्रयोग गर्दै:

-कक्षा ४ देखी ६ सम्मका चरणहरुः विस्तृत् स्कूल स्वास्थ्य शिक्षाको मिचिगन नमूनालाई सम्मान गर्न

हप्ताभरीको पाठ्लाई सहजिकरण र शुदृढिकरण गर्न जब यी कक्षामा पढाई भैरहेको बेला कक्षा शिक्षकहरु पनि कक्षामा उपस्थित् हुनुपर्छ ।

**निम्न माध्यमिक स्कूलहरु (Middle Schools)**

प्रत्येक निम्न माध्यमिक स्कूलमा पूर्ण कालीन (फूल टाइम) स्वास्थ्य प्रशिक्षक हुन्छन् जस्ले हिंसा तथा बदमासी रोकथाम बारे आक्रमणकारी, पीडित, साक्षी, हिंसा तथा चोट्पटक रोकथाम, स्वास्थ्य स्मार्ट कार्यक्रम र मिचिगन नमूना श्रोत आदिको प्रयोग गर्दै पढाउँछन् ।

**हाई स्कूलहरु (High Schools)**

स्वास्थ्य प्रशिक्षकहरुले टिनएज (१३ वर्ष देखी १९ वर्ष सम्म) उमेरका विद्यार्थीहरुलाई “टिनएज हेल्थ मोड्युल”को प्रयोग गर्दै पाठ पढाउँदैछन्:

बदमासी रोकथामा तथा विस्तृत स्कूल स्वास्थ्य शिक्षाको लागि मिचिगन नमूना, हिंसा तथा चोट्पटक रोकथाम र स्वास्थ्य स्मार्ट पाठ्यक्रम । जिल्ला वकिलको कार्यालयले पनि विद्यार्थीहरुलाई बदमासी सम्बन्धमा अन्य कक्षा तहहरुमा कार्यशाला गोष्ठीहरु प्रस्तुत् गर्छन् । उनीहरुले विद्यार्थीहरुलाई विद्युतिय सञ्चार प्रविधीको सूरक्षित् तथा उपयुक्त प्रयोग गर्दै विशेष रुपमा साईबर सूरक्षामा जोड् दिइ बदमासी तथा साईबर बदमासीको गतिशिलता बुझ्न सहयोग गर्नेछन् ।

वुस्टर पब्लिक स्कूलले यस कानूनको महत्व पहिचान गर्दछ र कक्षा कोठा पद्धति तथा बदमासी रोकथाम र सामाजिक सीप विकासमा केन्द्रित रणनीतिहरुबाट समग्र स्कूल अभियान समेतलाई प्रभावकारी बनाउँन निर्देशन प्रदान गर्दछ । यस्ले निश्चितता दिन्छ कि कक्षा ४ देखी १२ सम्मका सबै विद्यार्थीहरुले उमेर उपयुक्त निर्देशनहरु प्राप्त गर्दछन् ।

**बि. सामान्य शिक्षण पद्धति जस्ले बदमासी रोकथाम प्रयासलाई सहयोग गर्दछ ।**
**B. General Teaching Approaches that support bullying prevention efforts.**

- वुस्टर पब्लिक स्कूलले सबै स्कूलहरुमा निम्न पद्धतिहरुमा जोड् दिन्छ किनभने तिनीहरु सूरक्षित तथा सहयोगी स्कूल वातावरण स्थापना गर्न एक अभिन्न अंगको रुपमा काम गर्छन् । यसले हाम्रो बदमासी कार्यवाही तथा रोकथाम अभियानहरुलाई बल प्रदान गर्छ ।

- विद्यार्थीको लागि स्पष्ट अपेक्षाको व्यवस्था मिलाउने र कक्षा तथा स्कुलको समय तालिका स्थापना गर्ने

- अपाङ्ग विद्यार्थीहरु, महिला समलिङ्गी, पुरुष समलिङ्गी, द्वीलिङ्गी, तेश्रो लिङ्गी विद्यार्थी तथा घरबारबिहीन विद्यार्थीहरु समेत सबै विद्यार्थीहरुको लागि सूरक्षित स्कूल तथा कक्षाकोठा वातावरण निर्माण गर्ने ।
- सकारात्मक व्यवहार सहयोगको प्रयोग गर्दै विद्यार्थीहरुलाई आवश्यक अनुशासन र उपयुक्त तथा सकारात्मक प्रतिकृया तथा शुदृढिकरणको प्रयोग गर्ने
- सकारात्मक व्यवहार सहयोगको प्रयोग
- युवाहरुलाई विद्यार्थीसंग सकारात्मक सम्बन्ध विकास गर्न प्रोत्साहन गर्ने
- नमूनाकरण, शिक्षण र सामाजिक समर्थकलाई पुरस्कार, स्वास्थ्य र आदरपुर्वक व्यवहार ।
- सहकार्य गरेर समस्या समाधान गर्ने द्वन्द समाधान तालिम, टोली कार्य र सकारात्मक व्यवहारजन्य सहयोग जस्ले सामाजिक तथा भावनात्मक विकास गर्न सहयोग गर्छ समेत गरी व्यवहारजन्य स्वास्थ्यमा सकारात्मक दृष्टिकोणको प्रयोग गर्ने ।
- विद्युतिय सूरक्षित् पाठ्यक्रम (iSafe curriculum) समेत गरी ईन्टरनेट सूरक्षाको प्रयोग
- खास गरी विद्यार्थीका क्षमताको क्षेत्रहरुमा उनिहरुको गैरशैक्षिक तथा अतिरिक्त कृयाकलापहरुमा सहभागी हुने अभिरुचीलाई सहयोग गर्ने ।

## ५. बदमासी तथा प्रतिकार बारे रिपोर्टिङ्ग तथा प्रतिकृया नीति र कार्यविधीहरु
## V: POLICIES AND PROCEDURES FOR REPORTING AND RESPONDING TO BULLYING AND RETALIATION

सूरक्षित सिकाई वातावरणलाई सहयोग गर्न, वुस्टर पब्लिक स्कूलको बदमासी अथवा प्रतिकार प्रतिवेदन प्राप्त गर्ने र त्यस्को प्रतिकृया दिन स्कूलका नीति तथा कार्यविधीहरु छन् जस्ले स्कूल समुदायका सदस्यहरु जस्तै विद्यार्थी, अभिभावक र स्कूल कर्मचारी, उनीहरुले जब बदमासीका घट्ना घट्छन् तब के हुन्छ भन्ने बारेमा थाहा पाउँछन (परिशिष्टाङ्कमा हेर्नुहोस्) । हामी पहिचान गर्छौ कि केही विद्यार्थीहरु जाति, लिङ्ग, वर्ण, धर्म, पुर्खा, राष्ट्रिय उत्पत्ति, सामाजिक, आर्थिक अवस्था, घरबारविहीनता, शैक्षिक स्तर, लिङ्ग पहिचान अथवा अभिब्यक्ति, शारीरिक बनावट, गर्भवती अथवा अभिभावकले स्याहार-सुसार गर्दै गरेको अवस्था, लैङ्गिक अभिमुखिकरण अथवा मानसिक, शारीरिक, विकास अथवा संवेगात्मक अपाङ्गता अथवा जो ब्यक्तिले उल्लेखित् विशेषताहरुमध्ये एक वा एक भन्दा बढी अवस्थालाई प्रतिनिधित्व गर्छ उनिहरु खास विचार, बदमासी, उत्पिडन् तथा जिस्क्याईका घट्नाबाट बढी जोखिमपूर्ण अवस्थामा हुन सक्छन् । योजनाले प्रतिवेदन तयार भएपछि घट्नाबारे कर्मचारीले रिपोर्टिङ्ग गर्ने, प्रतिवेदन (गोप्य प्रतिवेदन समेत्) कसरी बनाइन्छ भन्ने बारे विद्यार्थी तथा अभिभावकसंग सूचना आदान-प्रदान गर्ने, प्रिन्सिपल अथवा प्रशासनिक पदका ब्यक्ति, अथवा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका ब्यक्तिहरु जब प्रिन्सिपल अथवा सहायक प्रिन्सिपल स्वयम् बदमासीका घटनामा संलग्न भएका हुन्छन् अथवा स्कूल कमिटी अथवा तोकिएका ब्यक्ति जब सुपरिन्टेन्डेन्ट त्यस्तो घटनामा संलग्न हुन्छ, पालना गर्नुपर्ने प्रकृयाको विस्तृत् कार्यविधी बारे ब्याख्या गर्छ ।

**ए. बदमासी तथा प्रतिकार रिपोर्टिङ्ग**

**A. Reporting Bullying or Retaliation**

कर्मचारी, विद्यार्थी, अभिभावक, संरक्षक अथवा अन्यले बदमासी तथा प्रतिकार बारे प्रतिवेदन मौखिक तथा लिखित रुपमा गर्न सक्छन् । सबै मौखिक प्रतिवेदनहरुलाई वुस्टर पब्लिक स्कूल प्रशासकको बदमासी रोकथाम तथा कार्यवाही प्रतिवेदन फारम मार्फत लिखित रुपमा अनिवार्य अभिलेख गर्नुपर्छ (परिशिष्टाङ्मा हेर्नुहोस्) । सहायक प्रिन्सिपल आक्रमक भएमा विद्यार्थी तथा कर्मचारीले प्रिन्सिपललाई खबर गर्नुपर्छ । प्रिन्सिपल आक्रमक भएमा सुपरिटेन्डेण्टलाई र सुपरिटेण्डेण्ट नै आक्रमक भएमा स्कूल कमिटीलाई खबर गर्नुपर्छ । कर्मचारीले कुनै प्रकारको दुर्व्यवहार तथा बदमासी भएको देखेमा प्रिन्सिपल वा प्रशासनिक व्यक्तिलाई खबर गर्नुपर्ने हुन्छ । विद्यार्थी, अभिभावक अथवा संरक्षक वा अन्य व्यक्तिहरु जो स्कूल अथवा जिल्ला कर्मचारी सदस्य होइनन् उनिहरुले दिएको खबर गोप्य राख्न मिल्छ ।

विद्यार्थी, अभिभावक, संरक्षक अथवा अन्य व्यक्तिहरु जो स्कूल अथवा जिल्ला कर्मचारी सदस्य होइनन् उनिहरुले गोप्य रुपमा प्रतिवेदन बनाउँन सक्छन् । वुस्टर पब्लिक स्कूलले एक समर्पित् पत्राचार ठेगाना (स्कूल सूरक्षा कार्यालय, २० ईर्भिङ्ग स्ट्रिट, कोठा नम्बर १०१), फ्याक्स नम्बर (५०८-७९९-३१७३) र रिर्पोटिङ्ग प्रयोजनको लागि एउटा ईमेल ठेगाना reportbullying@worcesterschools.net स्थापना गरेको छ । कसैलाई बदमासी कार्य रिर्पोटिङ्ग गर्न अभिरुची भएमा “बदमासी घटना गोप्य रिर्पोटिङ्ग लाइन” (Anonymous Bullying Reporting Line) को ५०८-७९९-३४७२ मा फोन गर्न सक्नु हुनेछ ।

घटना रिर्पोटिङ्ग फारमको प्रयोग एउटा रिर्पोटिङ्ग सर्तको रुपमा आवश्यक पर्दैन । तरपनि प्रत्येक स्कूल प्रिन्सिपल अथवा प्रशासनिक व्यक्तिले घटना रिर्पोटिङ्ग फारम पूरा गर्न आवश्यक छ र विद्यार्थी, कर्मचारी, अभिभावक अथवा अन्य श्रोतहरुबारे प्रत्येक बदमासी घटनामा प्रशासनिक बदमासी रोकथाम प्रिन्सिपल अथवा प्रशासनिक व्यक्तिले भर्न आवश्यक छ । साथै, प्रत्येक स्कूलले:

१. घटना रिर्पोटिङ्ग फारमको एक प्रति विद्यार्थी र अभिभावक/संरक्षकको प्याकेटमा संलग्न गर्नेछन् ।

२. स्कूलको मुख्य कार्यालय, परामर्श सेवा कार्यालय, स्कूल नर्स कार्यालय र प्रिन्सिपल तथा प्रशासनिक व्यक्तिले निर्धारण गरेका स्थानहरुमा उपलब्ध गराउँनेछन् ।

३. जिल्लाको वेबसाईट (worcesterschools.org/bullying-prevention) मा राख्नेछन् र प्रत्येक स्कूलको वेबसाईटमा उपलब्ध गराउँनेछन् ।

प्रशासनिक बदमासी रोकथाम तथा घटना रोकथाम रिर्पोटिङ्ग फारम प्रायः सबै भाषाका विद्यार्थी, अभिभावक तथा संरक्षकको मातृभाषामा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

प्रत्येक शैक्षिक सत्रको सुरुमा वुस्टर पब्लिक स्कूलले स्कूल समुदाय, प्रशिक्षक, प्रशासक, स्कुल नर्स, चमेनागृहका कामदार, बस चालक, खेलकुद प्रशिक्षक, अतिरिक्त कृयाकलाप सल्लाहकार, व्यावसायीक व्यक्तिहरु, विद्यार्थी तथा अभिभावकहरुलाई बदमासी तथा प्रतिकार कार्यको रिर्पोटिङ्ग सम्बन्धि नीतिको लिखित रुपमा सूचना प्रदान गर्नेछ । प्रिन्सिपल अथवा

प्रशासनिक व्यक्ति र सुपरिन्टेन्डेन्ट अथवा तोकिएको व्यक्ति जब प्रिन्सिपल अथवा सहायक प्रिन्सिपल कथित आक्रमणकारी छन् अथवा स्कूल कमिटी अथवा व्यक्ति जब सुपरिन्टेन्डेन्ट कथित आक्रमणकारी छन्, तिनीहरुको नाम तथा सम्पर्क सूचना सहित रिर्पोटिङ्ग कार्यविधी तथा श्रोतलाई विद्यार्थी तथा कर्मचारी हाते पुस्तिका, स्कूल तथा वुस्टर पब्लिक स्कूल वेबसाईट ( worcesterschools.org/bullying-prevention) र अभिभावक तथा संरक्षकको लागि उपलब्ध गराइने सूचनामा समावेस गरिनेछ ।

### १.कर्मचारीद्वारा रिर्पोटिङ्ग
### 1.Reporting by Staff

कर्मचारी सदस्य जब ऊ/उनी साक्षीको रुपमा छन् र घटना बदमासीको कारणले वा प्रतिकारको भावनाले भएको हो भन्ने बारेमा जानकार छन्, ले तत्काल निम्न व्यक्तिहरुलाई रिर्पोट गर्नेछन्: प्रिन्सिपल अथवा प्रशासनिक व्यक्ति, सुपरिन्टेन्डेन्ट अथवा तोकिएको व्यक्ति जब प्रिन्सिपल अथवा सहायक प्रिन्सिपल कथित आक्रमणकारी छन् अथवा स्कूल कमिटी अथवा तोकिएको व्यक्ति जब सुपरिन्टेन्डेन्ट कथित आक्रमणकारी छ भने ।

प्रिन्सिपल तथा प्रशासनिक व्यक्ति अथवा सुपरिन्टेन्डेन्ट अथवा तोकिएको व्यक्ति जब प्रिन्सिपल अथवा सहायक प्रिन्सिपल कथित आक्रमणकारी छन् अथवा स्कूल कमिटी अथवा तोकिएको व्यक्ति जब सुपरिन्टेन्डेन्ट कथित आक्रमणकारी छ, लाई रिपोर्ट गर्ने आवश्यकतालाई व्यवहारजन्य अथवा आचरणजन्य घटना जो व्यवहारजन्य व्यवस्थापन तथा अनुशासनको स्कूल तथा जिल्लाको नीतिसंग एकरुपता कायम राख्दछ, लाई कर्मचारी सदस्यको अधिकार सिमित गर्दैन । यो प्रकृया शिक्षक सिफारिस अथवा कार्यालय अनुशासन सिफारिस फारम अथवा बदमासी घटना प्रतिवेदन फारम (परिशिष्टाङ्कमा हेर्नुहोस्) पुरा गरी अभियान सुरु गर्न सकिन्छ ।

### २. विद्यार्थी, अभिभावक, संरक्षक तथा अन्यको रिपोर्टिङ्ग
### 2. Reporting by Student, Parents or Guardians and Others

स्कूल तथा जिल्लाले विद्यार्थी, अभिभावक वा संरक्षक अथवा अन्य जो घटनाका साक्षी छन् अथवा बदमासी अथवा प्रतिकार घटनाका उदाहरणहरु जहाँ विद्यार्थी अथवा स्कूलका कर्मचारी संलग्न भएका हुन्छन् त्यस्को बारेमा विद्यार्थी, अभिभावक तथा संरक्षकहरु जो जानकार छन् उनिहरुले स्कूल प्रिन्सिपल अथवा प्रशासकीय व्यक्ति, सुपरिन्टेन्डेन्ट अथवा तोकिएको व्यक्ति जब प्रिन्सिपल अथवा सहायक प्रिन्सिपल कथित आक्रमणकारी छन् अथवा स्कूल कमिटी अथवा तोकिएको व्यक्ति जब सुपरिन्टेन्डेन्ट कथित आक्रमणकारी छ, लाई खबर गर्ने कुराको अपेक्षा गरेको छ । खबर गोप्य हुन सक्छ, तर गोप्य खबरको आधारमा मात्रै कथित आक्रमणकारी विरुद्ध अनुशासनको कार्यवाही गरिने छैन । विद्यार्थी, अभिभावक, संरक्षक तथा अन्यले कर्मचारीसंग लिखित प्रतिवेदन भर्न सहयोगको लागि अनुरोध गर्न सक्छन् । विद्यार्थीलाई एउटा कर्मचारीसंग अथवा प्रिन्सिपल अथवा प्रशासनिक व्यक्ति अथवा प्रिन्सिपल अथवा सहायक प्रिन्सिपल कथित आक्रमणकारीको रुपमा रहेको हुन्छ त्यस्तो बेलामा सुपरिन्टेन्डेन्ट अथवा तोकिएको कर्मचारीलाई घटनाको खबर गर्न र छलफल गर्न व्यवहारिक, सूरक्षित, निजी तथा उमेर उपयुक्त तरिका प्रदान गरिन्छ ।

**बि. बदमासी तथा प्रतिकार प्रतिवेदनमा प्रतिकृया-एक विद्यार्थीद्वारा बदमासी आरोप**
**B. Responding to a report of bullying or Retaliation-Allegations of Bullying by a Student**

**१. सूरक्षा (Safety)**

ब्‌दमासी तथा प्रतिकारको पूर्ण अनुसन्धान हुनु भन्दा पहिले प्रिन्सिपल तथा प्रशासनिक ब्यक्तिले कथित पीडित्‌लाई सूरक्षाको महसुस गर्ने गरी अथवा भविष्यमा हुनसक्ने सम्भावित आक्रमणबाट पीडित्‌लाई बचाउँन सूरक्षा घटना मूल्याङ्कनको कार्यवाही अगाडी बढाउँनेछ। सूरक्षा व्यवस्था अभिवृद्धि गर्न ब्यक्तिगत्‌ सूरक्षा योजनाको निर्माण गर्ने, पीडित्‌ अथवा पिडकले पहिले निर्धारण गरिएको कक्षा कोठा सिट, भोजन अथवा बसमा सिटको व्यवस्थापन गर्ने जस्ले आफुलाई एउटा सूरक्षित ब्यक्तिको रुपमा महसुस गर्दछन्‌। पीडित्‌को समय तालिका र पीडित्‌ पहुँचमा परिवर्तन गरेर। प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्तिले सूरक्षा व्यवस्था अभिवृद्धि गर्न आवश्यकता बमोजिम अनुसन्धान भैरहेको समय अथवा सो पछि आवश्यक कदम चाल्नेछन्‌।

**२. अन्यलाई सूचना दिने दायित्व (Obligations to Notify Others)**

क. अभिभावक अथवा संरक्षकलाई सूचना (Notice to parents or guardians)
बदमासी अथवा बदलाको घटना भएको निर्धारण भएपछि प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्तिले पीडित तथा पिडक विद्यार्थीको अभिभावक/संरक्षकलाई तत्कालै सूचना दिनेछन्‌ र त्यस्को प्रतिकृया कार्यविधी बारेमा पनि उनिहरुलाई सूचना दिनेछन्‌। प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्तिले अभिभावक अथवा संरक्षकलाई अनुसन्धान गर्नुभन्दा अगावै सम्पर्क गर्नसक्ने परिस्थिती आउँन सक्छ। सूचना राज्यको ६०३ सि एम आर ४९.०० नियमावली (State Regulations at 603 CMR 49.00)अनुसार मिल्दो हुनेछ।

**ख. अन्य स्कूल तथा जिल्लालाई सूचना** (Notice to Another School or District)

यदि खबर गरिएको घटनामा एक भन्दा बढी जिल्ला स्कूल, अधिकार पत्र पाएका (चार्टर) स्कूल, गैर सार्वजनिक स्कूल, स्विकृत प्राप्त निजी विशेष शिक्षा दिवस अथवा आवासिय स्कूल अथवा सहकार्य गर्ने स्कूलका विद्यार्थीहरुको संलग्नता छ भने प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्तिले सबैभन्दा पहिले घटनाको बारेमा तत्काल अन्य स्कूलका प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्तिलाई फोनबाट सूचित्‌ गर्नेछन्‌ जस्ले गर्दा प्रत्येक स्कूलले उपयुक्त कार्यवाही गर्न सक्नेछन्‌। सबै सूचना आदान-प्रदान राज्य तथा संघीय गोपनियता कानून तथा नियमावलीहरु तथा ६०३ सि एम आर ४९.०० अनुसार हुनेछ।

**ग. कानून कार्यान्वयन सूचना** (Notice to Law Enforcement)

बदमासी अथवा प्रतिकार सम्बन्धि प्रतिवेदन प्राप्त भए पश्चात्‌ कुनै पनि समयमा, अनुसन्धान पछिको समय समेत, यदि प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्तिलाई पीडक विरुद्ध सजाय गर्ने कारण सहित विश्वासिलो आधार छ भन्ने लागेमा प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्तिले स्थानीय कानून कार्यान्वयन गर्ने निकायलाई सूचना दिन सक्नेछन। सूचना ६०३ सिएमआर ४९.०० को आवश्यकता बमोजिम र स्थानीय कानून कार्यान्वयन निकायसंग स्थापना गरिएको सम्झौता बमोजिम हुनेछ।

साथै, यदि घटना स्कूलको मैदानमा भएको हो र त्यस्मा २१ वर्ष भन्दा कम उमेरको पूर्व विद्यार्थी संलग्न भएको छ र ऊ स्कूलमा विद्यार्थीको रुपमा भर्ना भएको छैन भने प्रिन्सिपल अथवा प्रशासनिक व्यक्तिलाई पीडक विरुद्ध सजाय गर्न कारण सहित विश्वासिलो आधार छ भन्ने लागेमा स्थानीय कानून कार्यान्वयन गर्ने निकायलाई सूचना दिन सक्नेछन् । यो निर्धारण गर्न योजना, लागू गर्ने स्कूल अथवा जिल्ला र नीति तथा कार्यविधीसंग मिल्दो हुनेगरी प्रिन्सिपल अथवा प्रशासनिक व्यक्तिले स्कूल सुरक्षा निर्देशक र अन्य व्यक्तिगत् र प्रिन्सिपल तथा प्रशासनिक व्यक्तिलाई उपयुक्त लागेका व्यक्तिलाई सम्पर्क गर्न सक्नेछन् ।

**सि. अनुसन्धान**
**C. Investigation**

प्रिन्सिपल अथवा प्रशासनिक व्यक्तिले बदमासी अथवा प्रतिकारका सबै प्रतिवेदनहरुको अनुसन्धान प्रतिवेदन प्राप्त भएको २४ घण्टा भित्र अथवा स्कूल लागेको अर्को दिनमा गर्नेछन् र त्यसो गर्दा आरोपको प्रकृति तथा घटनामा संलग्न व्यक्तिको उमेर साथै थाहा भएका सबै सूचनाहरुलाई विचार गर्नेछन् । अनुसन्धानको समयमा प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले विद्यार्थी, कर्मचारी, साक्षी, अभिभावक अथवा संरक्षक र आवश्यकता बमोजिम अन्यसंग अन्तर्वार्ता लिनेछन् । प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले कथित पिडक विद्यार्थी, पीडित् र साक्षीलाई अनुसन्धानको महत्व, उनिहरुको वास्तविक दायित्व र प्रतिकारलाई ठोस रुपमा निषेध गरिएको र यस्ले अनुशासन कार्यवाही नतिजाको परिणाम निस्कन सक्छ भनेर सम्झाउँनेछन् । प्रिन्सिपल अथवा प्रशासकिय व्यक्ति अथवा उनिहरुले तोकेका अन्य कर्मचारी सदस्यहरुले स्कूल काउन्सिलरसंग सम्पर्क गर्दै उपयुक्त रुपमा अन्तर्वार्ताहरु सञ्चालन गर्नेछन् ।

व्यवहारिक रुपमा सम्भव भएसम्म र विषयबस्तुमा अनुसन्धान तथा सम्बोधन गर्ने दायित्व दिइएमा प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले अनुसन्धान प्रकृयाको समयमा गोपनियता कायम राख्नेछन् । प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले अनुसन्धानको लिखित अभिलेख कायम राख्नेछन् (प्रशासकको बदमासी रोकथाम तथा घटना कार्यवाही प्रतिवेदन फारम-परिशिष्टाङ्क) । यदि आवश्यक परेमा प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले अनुसन्धानको बारेमा कानूनी परामर्श गर्नेछन् । बदमासी तथा प्रतिकार सम्बन्धि रिपोर्ट अनुसन्धान गर्ने कार्यविधी वुस्टर पब्लिक स्कूलको अनुसन्धान गर्ने नीति तथा कार्यविधी बमोजिम हुनेछ ।

**डि. निरुपण**
**D. Determinations**

प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले सबै तथ्य र परिस्थितीहरुमा आधारित घटनाको निरुपण गर्नेछन् । यदि अनुसन्धान पश्चात् बदमासी अथवा प्रतिकार भएको पुष्टि भएमा प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले उचित रुपमा घटनाको पुनरावृत्ति रोक्न र पीडित विद्यार्थी स्कूलमा सहभागी हुन अथवा स्कूलको कृयाकलापबाट फाईदा लिनबाट बन्चित गरिएको छैन भन्ने कुरा शुनिश्चिन्त् गर्न आवश्यक कदम चाल्नेछन । प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले:

(१) यदि भएमा, कस्तो उपचारात्मक कार्यवाहीको आवश्यकता पर्दछ भनेर निर्धारण गर्छन् ।

(२) कस्तो प्रतिकृयात्मक कार्यवाही अथवा अनुशासन कार्यवाहीको आवश्यकता छ भनेर निर्धारण गर्छन् । प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले परिस्थितिमा आधारित कुनै सामाजिक अथवा भावनात्मक मुद्धामा अन्तर्निहित् विषय जस्ले

बदमासी व्यवहार गर्न योगदान पुर्‍याएको छ त्यस्लाई पहिचान गर्न र उनिहरुको अतिरिक्त सामाजिक सीप विकासको लागि आवश्यक तह अनुसार मूल्याङ्कन गर्न विद्यार्थी शिक्षक (हरु) अथवा स्कूल काउन्सिलर अथवा पीडित वा पीडकका अभिभावक/संरक्षकहरुसंग सम्पर्क गर्न सक्छन् । प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले २४ घण्टा भित्र अथवा स्कूल बिदा भएको अर्को दिन अनुसन्धान नतिजा बारेमा पीडित तथा पिडकका अभिभावक अथवा संरक्षकलाई सूचित गर्नेछन् । यदि बदमासी अथवा प्रतिकृया स्वरुप कार्य भएको भेटिएमा बदमासी तथा प्रतिकारका अन्य कार्यबाट रोक्न कस्तो कार्यवाही गरिँदैछ भन्ने बारेमा पनि सम्बन्धित् अभिभावकलाई सूचित गरिन्छ । सबै सूचनाहरु राज्य अथवा संघीय गोपनियता सम्बन्धि कानून तथा नियमहरुसंग मेल खानु पर्छ । विद्यार्थीको अभिलेख गोपनियता सम्बन्धी कानून बमोजिम प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले पीडित विद्यार्थीको अनुशासन कार्यवाही गर्ने बारे, टाढै बस्ने आदेश (Stay away order) जारी नभएसम्म अथवा अन्य निर्देशनहरु जस्मा पीडितले हिंसाको रिपोर्ट गर्न सचेत् हुनको लागि अभिभावक/संरक्षकलाई विशिष्ट प्रकारका सूचनाहरु उपलब्ध गराउँन पाउँदैनन् ।

- **बदमासी उपर प्रतिकृया (Response to bullying)**

ई. वुस्टर पब्लिक स्कूलले सबै विद्यार्थीको स्वस्थ्य तथा सूरक्षित सिकाई वातावरण सूनिश्चित् गर्न बदमासी रोकथाम तथा कार्यवाहीको सकृय दृष्टिकोणमा आक्रमणकारीको परिवर्तित् व्यवहारहरु समावेश गरेको छ ।

E. The Worcester Public Schools proactive approach to bullying prevention and intervention to ensure safe and secure learning environments for all students includes changing behaviors of aggressors)

**१. अनुशासनको कार्यवाही गरिने**

**1.Taking Disciplinary Action**

यदि प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले अनुशासनको कार्यवाही उपयुक्त छ भन्ने निर्णय गर्छन् भने अनुशासनको कार्यवाही प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले अनुसन्धान गरेको तथ्य, आचरण प्रकृति, संलग्न भएको विद्यार्थीको उमेर र उपयुक्त व्यवहार शिक्षणसंगै उत्तरदायित्व सन्तुलन गर्नु पर्ने आवश्यकता समेतको आधारमा गरिनेछ । अनुशासन वुस्टर पब्लिक स्कूलको योजना तथा आचार-संहितासंग मेल खानेछ । हामी संघीय कानूनमा अपाङ्गता भएका व्यक्तिहरुको लागि शिक्षा सुधार ऐन (Individuals with Disabilities Education Improvement Act-IDEA) मा भनिए बमोजिम अपाङ्गता भएको विद्यार्थीको अनुशासन कार्यविधी निर्देशिकाको अनुसरण गर्नेछौं । बदमासी कार्यवाही स्वरुप प्रतिकृया दिन वुस्टर पब्लिक स्कूलले परिणामहरुको सिमा जहाँ सुविधा, नजरबन्द, निलम्बन, सूरक्षा केन्द्र सिफारिस, बाहिरी निकाय सिफारिस, सामुदायीक सेवा वा आक्रमणकारी कार्यवाही योजना विकास जस्मा शैक्षिक अवयवहरु समावेश गरिएका हुन्छन्, आदिलाई विचार गर्नेछ ।

## २. सीप विकास गर्दै उपयुक्त व्यवहारहरको शिक्षण
## 2.Teaching Appropriate Behavior through Skills-Building

आक्रमणकारी रोकथाम योजनाको शैक्षिक अवयवहरुमा सीप विकास (सकारात्मक व्यवहार कार्यवाही तथा सहयोग कार्यक्रम, दोस्रो चरण, आदर गर्ने चरणहरु तथा स्वास्थ्य शिक्षा) गर्दै उपयुक्त व्यवहारको लागि निर्देशन वा/अथवा आक्रमणकारी रोकथाम बैठक समावेश हुन सक्छन् । प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले विचार गर्न सक्ने अन्य सीप विकास दृष्टिकोणहरु निम्न बमोजिम समावेश छन्:

- स्कूल/जिल्लाको बदमासी रोकथाम पाठ्यक्रममा आधारित बैयक्तिगत् सीप विकास सत्र प्रदान गर्ने
- निर्देशन काउन्सिलर अथवा अन्य उपयुक्त स्कूलका ब्यक्तिहरुसंग परामर्श गरी ब्यक्तिगत् वा सामुहिक रुपमा विद्यार्थीलाई सान्दर्भिक शैक्षिक कृयाकलापहरु प्रदान गरेर ।
- विद्यार्थीलाई उनिहरुको लक्ष्य हासिल गर्न सामाजिक समर्थन तरिकाहरुको शैक्षिक तथा गैर शैक्षिक सकारात्मक व्यवहार सहयोगहरु कार्यान्वयन गर्ने ।
- अभिभावकको सहयोगमा संलग्न हुन र बदमासी विरुद्धको पाठ्यक्रम सुदृढिकरण र घरमा सामाजिक सीप विकास कृयाकलाप गर्न अभिभावक तथा संरक्षकहरुसंग बैठक गर्ने ।
- विशिष्ट सामाजिक सीप विकास गर्नमा केन्द्रित व्यवहारजन्य योजनाहरु अङ्किकार गर्ने
- मूल्याङ्कनको लागि सिफारिस गर्ने

यदि प्रिन्सिपल अथवा प्रशासकिय ब्यक्तिले विद्यार्थीले बदमासी अथवा प्रतिकार बारे जानाजान गलत आरोप लगाएको छ भने निर्धारण गर्दछन् भने त्यो विद्यार्थी अनुशासनको कार्यवाहीमा पर्न सक्छ ।

## ३. पीडित तथा अन्यको लागि सूरक्षालाई बढावा दिने
## 3.Promoting Safety for the Target and Others

प्रिन्सिपल अथवा प्रशासकिय ब्यक्तिले स्कूल वातावरण, यदि केही छन् भने, पीडित् तथा अन्यको सूरक्षाको भावलाई अभिवृद्धि गर्न कस्तो समायोजनको आवश्यकता छ भनेर विचार गर्नेछन् । प्रिन्सिपल अथवा प्रशासकिय ब्यक्तिले प्रयोग गर्न सक्ने एउटा रणनीति भनेको संक्रमणकालीन समयमा बदमासी हुने र हुन सक्ने स्थानहरुमा युवाको सुपरीवेक्षणमा वृद्धि गर्नु हो । दोस्रो, प्रत्येक विद्यार्थी जो पीडित भैरहेको छ भनी पुष्टि भएको हुन्छ, उसको लागि "एक विद्यार्थी पीडित् कार्यवाही योजना" (Student Target Intervention Plan) कार्यान्वयन गरिनेछ (परिशिष्टाङ्क) । सुधारात्मक अथवा/वा अनुशासनात्मक कार्यवाही आदेशको पालना गर्दै प्रिन्सिपल अथवा प्रशासकिय ब्यक्तिले पीडितसंग भैरहेको सम्पर्कबाट त्यहाँ कुनै निषेध गरिएको आचरणको पुनरावृत्ति भैरहेको छ र त्यहाँ कुनै सहयोगी उपायहरुको आवश्यकता छ भन्ने कुरामा सम्पर्क कायम राख्नेछन् । यदि त्यसो हो भने प्रिन्सिपल अथवा प्रशासकिय ब्यक्तिले उपयुक्त स्कूल कर्मचारीसंग तिनीहरुलाई तत्काल कार्यान्वयन गर्न कार्य गर्नेछन् ।

### एफ. कर्मचारीलाई बदमासीको आरोप लागेमा-बदमासी प्रतिवेदन उपर प्रतिकृया
### F. Responding to a Report of Bullying or Retaliation-Allegations of Bullying by School Staff

वुस्टर पब्लिक स्कूलले कसरी स्कूलहरुले सूरक्षा योजना, अभिभावक अथवा संरक्षक र अन्य सूचना, अनुसन्धान र प्रतिकृयालाई जवाफ दिनेछ भन्ने कुरा सम्बोधन गर्न नीति तथा कार्यविधी विकास गरेको छ । हाल भएका नीति तथा कार्यविधीहरुले स्कूल कर्मचारीको स्विकार गर्न नसकिने आचरणलाई सम्बोधन गरेको छ । प्रिन्सिपल अथवा तोकिएका व्यक्ति अथवा सुपरिन्टेन्डेन्ट जब प्रिन्सिपल अथवा सहायक प्रिन्सिपल कथित् आक्रमणकारी छन्भने अथवा स्कूल कमिटी अथवा तोकिएका व्यक्तिहरु जब सुपरिटेन्डेन्ट कथित् आक्रमणकारी छन्भने उनिहरुले अनुसन्धानको महत्वबारे आरोपित कर्मचारीलाई सम्झाउँनेछन्, उनिहरुको दायित्व सत्य हुनुपर्छ र कसैको विरुद्धमा प्रतिकार जस्ले बदमासीको खबर गर्छ अथवा अनुसन्धान भैरहेको बेला बदमासीको सूचना प्रदान गर्छ, त्यसलाई कडाईका साथ निषेध गरिनेछ र यस्ले अनुशासनको परिणाम ल्याउँनेछ ।

#### १. सूरक्षा
#### 1. Safety

कथित् बदमासी अथवा प्रतिकारको पूर्ण रुपमा अनुसन्धान गर्नुभन्दा पहिले प्रिन्सिपल अथवा प्रशासनिक व्यक्ति अथवा सुपरिन्टेन्डेन्ट जब प्रिन्सिपल अथवा सहायक प्रिन्सिपल कथित् आक्रमणकारी छन् भने अथवा स्कूल कमिटी अथवा तोकिएका व्यक्तिहरु जब सुपरिन्टेन्डेन्ट कथित् आक्रमणकारी छन् भने पीडित उपर सम्भावित आक्रमण हुनबाट रोक्न सूरक्षाको भावना पुनर्स्थापना गर्न मूल्याङ्कनका कदम चाल्नेछन् । सूरक्षालाई व्यवस्था बढाउँन जवाफी प्रतिकृयामा व्यक्तिगत् सूरक्षा योजना समावेस हुनसक्छ, तर यतिमै सिमित हुनेछैन् । प्रिन्सिपल अथवा प्रशासनिक व्यक्ति अथवा सुपरिन्टेन्डेन्ट जब प्रिन्सिपल अथवा सहायक प्रिन्सिपल कथित् आक्रमणकारी छन् अथवा स्कूल कमिटी अथवा तोकिएका व्यक्तिहरुले आवश्यकता बमोजिम अनुसन्धान भैरहेको समय अथवा अनुसन्धान पछि सूरक्षालाई वृद्धि गर्न अतिरिक्त कदम चाल्नेछन् । प्रिन्सिपल अथवा प्रशासनिक व्यक्ति अथवा सुपरिटेन्डेन्ट अथवा तोकिएका व्यक्ति अथवा स्कूल कमिटी अथवा तोकिएका व्यक्तिहरुले विद्यार्थी जो बदमासी अथवा प्रतिकारको घटनामा संलग्न हुन्छ, विद्यार्थी जो बदमासी तथा प्रतिकारको साक्षी छ, विद्यार्थी जस्ले अनुसन्धानको समयमा सूचना प्रदान गर्छ, अथवा विद्यार्थी जोसंग खबर गरिएको बदमासी अथवा बदलाको कार्यमा भरपर्दो सूचना छ, त्यसलाई बदमासी तथा प्रतिकारको घटनाबाट रोक्न उपयुक्त रणनीतिहरु कार्यान्वयन गर्नेछन् ।

#### २.अन्यलाई सूचना दिने दायित्व
#### 2.Obligations to Notify Others

##### ए. अभिभावक अथवा संरक्षकलाई सूचनाः
##### a. Notice to Parents or Guardians

बदमासी अथवा प्रतिकार भएको छ भन्ने निर्धारण भएपछि प्रिन्सिपल अथवा प्रशासनिक व्यक्ति वा सुपरिटेन्डेन्ट अथवा तोकिएको व्यक्ति वा स्कूल कमिटी अथवा तोकिएको व्यक्तिले पीडित व्यक्तिको अभिभावक अथवा संरक्षकलाई त्यस्को कार्यवाही कार्यविधीबारे तत्काल सूचना दिनेछन् ।

प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएको ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएको ब्यक्तिले अभिभावक अथवा संरक्षकलाई कुनैपनि अनुसन्धान गर्नु भन्दा पहिले सम्पर्क गर्न सक्ने परिस्थिति हुन आउन सक्छ । सूचना राज्यको ६०३ सि एम आर ४९.०० नियमावली संग मेल खानु पर्नेछ ।

**बि. अन्य स्कूल वा जिल्लालाई सूचना**
**b. Notice to Another School or District**

यदि रिपोर्ट गरिएको घटनामा एकभन्दा बढी जिल्ला स्कूल, अधिकार पत्र पाएका (चार्टर) स्कूल, गैर सार्वजनिक स्कूल, स्विकृत प्राप्त निजी विशेष शिक्षा दिन वा आवासिय स्कूल अथवा सहकार्य गर्ने स्कूलका विद्यार्थीहरुको संलग्नता छ भने प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएको ब्यक्तिले सबैभन्दा पहिले घटनाको बारेमा सम्बन्धित् स्कूलका प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्तिलाई फोनबाट तत्काल सूचित् गर्नेछन् जस्ले गर्दा प्रत्येक स्कूलले उपयुक्त कार्यवाही गर्न कदम चाल्न सक्नेछन् । सबै सूचना आदान-प्रदान राज्य तथा संघीय गोपनियता कानून तथा नियमावलीहरु तथा ६०३ सि एम आर ४९.०० अनुसार हुनेछ ।

**सि. कानून कार्यान्वयन सूचना**
**c. Notice to Law Enforcement**

बदमासी अथवा प्रतिकारबारे प्रतिवेदन प्राप्त गरे पश्चात् कुनै पनि समयमा, अनुसन्धान पछिको समय समेत, यदि प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्ति वा सुपरिटेन्डेन्ट अथवा तोकिएको ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएको ब्यक्तिलाई पिडक विरुद्ध अपराध सजाय गर्ने कारण सहित विश्वासिलो आधार छ भन्ने लागेमा प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएको ब्यक्तिले स्थानीय कानून कार्यान्वयन गर्ने निकायलाई सूचना दिनेछन् । सूचना ६०३ सि एम आर ४९.०० बमोजिम र स्थानीय कानून कार्यान्वयन निकायसंग स्थापना गरिएको सम्झौता बमोजिम हुनेछन् । साथै, यदि घटना स्कूलको मैदानमा भएको हो र त्यस्मा २१ वर्ष भन्दा कम उमेरको पूर्व विद्यार्थी संलग्न भएको छ र जो स्कूलमा विद्यार्थीको रुपमा भर्ना भएको छैन भने प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्ति वा सुपरिटेन्डेन्ट अथवा तोकिएको ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएको ब्यक्तिले पिडक विरुद्ध सजाय गर्न कारण सहित विश्वासिलो आधार छ भन्ने लागेमा स्थानीय कानून कार्यान्वयन गर्ने निकायलाई सूचना दिन सक्नेछन् । यो निर्धारण गर्न योजना, लागू गर्ने स्कूल अथवा जिल्ला र नीति तथा कार्यविधीसंग मिल्दो प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्तिले स्कूल शूरक्षा सम्पर्क ब्यक्ति र अन्य ब्यक्तिगत् तथा प्रिन्सिपल तथा प्रशासनिक ब्यक्ति वा सुपरिटेन्डेन्ट अथवा तोकिएको ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएको ब्यक्ति जस्लाई उपयुक्त लाग्दछ, सम्पर्क गर्नेछन् ।

**ग. अनुसन्धान**
**C. Investigation**

प्रिन्सिपल अथवा प्रशासनिक ब्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका ब्यक्तिले बदमासी अथवा प्रतिकारका सबै रिपोर्टहरुको अनुसन्धान प्रतिवेदन प्राप्त भएको २४ घण्टा भित्र अथवा स्कूल लागेको अर्को दिनमा गर्नेछन् र त्यसो गर्दा आरोपको प्रकृति तथा घटनामा संलग्न ब्यक्तिको उमेर साथै थाहा भएका सबै सूचनाहरुलाई विचार गर्नेछन् ।

अनुसन्धानको समयमा प्रिन्सिपल अथवा प्रशासकिय व्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका व्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका व्यक्तिले अन्य कुराहरु मध्ये विद्यार्थी, कर्मचारी, साक्षी, अभिभावक अथवा संरक्षक र आवश्यकता बमोजिम अन्यसंग अन्तर्वार्ता लिनेछन् । प्रिन्सिपल अथवा प्रशासकिय व्यक्ति, वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका व्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका व्यक्तिले कथित पिडक विद्यार्थी, पीडित् र साक्षीलाई अनुसन्धानको महत्व, उनिहरुको सूचना सत्य हुनुपर्ने दायित्व र प्रतिकारलाई कडा रुपमा निषेध गरिएको र यस्ले अनुशासन कार्यवाहीको लागि नतिजा निस्कन सक्छ भनेर सम्झाउँनेछन् ।

प्रिन्सिपल अथवा प्रशासकिय व्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका व्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका व्यक्ति वा प्रिन्सिपल अथवा प्रशासकिय व्यक्तिले निर्धारण गरेको अन्य कर्मचारी सदस्यहरुले मानव संशाधन व्यवस्थापकसंग सम्पर्क गर्दै उपयुक्त रुपमा अन्तर्वार्ताहरु सञ्चालन गर्नेछन् । व्यावहारिक रुपमा सम्भव भएसम्म र उनलाई विषयबस्तु अनुसन्धान तथा सम्बोधन गर्ने दायित्व दिइएमा प्रिन्सिपल अथवा प्रशासकिय व्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका व्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका व्यक्तिले अनुसन्धान प्रकृयाको समयमा गोपनियता कायम राख्नेछन् । अनुसन्धानको लिखित अभिलेख कायम राखिनेछ (प्रशासकको बदमासी रोकथाम तथा घटना कार्यवाही रिपोर्ट गर्ने फारम- परिशिष्टाङ्क) । यदि आवश्यक परेमा प्रिन्सिपल अथवा प्रशासकिय व्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका व्यक्ति अथवा स्कूल कमिटी अथवा तोकिएका व्यक्तिले अनुसन्धानको बारेमा कानूनी परामर्श गर्नेछन् । बदमासी तथा प्रतिकार सम्बन्धि रिपोर्ट अनुसन्धान गर्ने कार्यविधी बुस्टर पब्लिक स्कूलको अनुसन्धान गर्ने नीति तथा कार्यविधी बमोजिम हुनेछ ।

**घ. निरुपण**

**D. Determinations**

प्रिन्सिपल अथवा प्रशासकिय व्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका व्यक्ति वा स्कूल कमिटी अथवा तोकिएको व्यक्तिले सबै तथ्य र परिस्थितिहरुमा आधारित घटनाको निरुपण गर्नेछन् । यदि, अनुसन्धान पश्चात्, बदमासी अथवा प्रतिकार भएको पुष्टी भयो भने प्रिन्सिपल अथवा प्रशासकिय व्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका व्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका व्यक्तिले उचित् रुपमा घटनाको पुनरावृत्ति हुनबाट रोक्न र पीडित् स्कूलमा सहभागी हुन अथवा स्कूलको कृयाकलापबाट फाईदा लिनबाट बन्चित गरिएको छैन भन्ने कुरा सुनिश्चित् गर्न आवश्यक कदम चाल्नेछन । प्रिन्सिपल अथवा प्रशासकिय व्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका व्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका व्यक्तिले निम्न कार्य गर्दछनः (१) यदि भएमा, कस्तो उपचारात्मक कार्यवाही आवश्यकता पर्दछ भनेर निर्धारण गर्छन् (२) कस्तो प्रतिकृयात्मक कार्यवाही अथवा अनुशासन कार्यवाही आवश्यकता छ भनेर निर्धारण गर्छन् ।

प्रिन्सिपल अथवा प्रशासकिय व्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका व्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका व्यक्तिले बदमासीको घटना घटेको २४ घण्टाभित्र अथवा स्कूल सम्पन्न भएको अर्को दिन अनुसन्धानको नतिजाको बारेमा पीडित तथा पिडकका अभिभावक अथवा संरक्षकलाई सूचित गर्नेछन् । यदि बदमासी अथवा त्यस्को प्रतिकृया स्वरुप कार्य भएको भेटिएमा बदमासी तथा प्रतिकारका अन्य कार्य हुनबाट रोक्न कस्तो कार्यवाही गरिँदैछ भन्ने बारेमा पनि सम्बन्धित अभिभावकलाई सूचित गरिन्छ । सबै सूचनाहरु राज्य अथवा संघीय गोपनियता कानून तथा नियमहरुसंग मेल खानु पर्छ । व्यक्तिको अभिलेख राख्ने गोपनियता सम्बन्धी कानूनी आवश्यकताको कारणले प्रिन्सिपल अथवा प्रशासकिय व्यक्ति वा

सुपरिन्टेन्डेन्ट अथवा तोकिएका ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका ब्यक्तिले पीडित विद्यार्थीको अनुशासन कार्यवाही गरिने बारेमा टाढै बस्ने आदेश (“Stay away” order) जारी नभएसम्म अथवा अन्य निर्देशनहरु जस्मा पीडितले हिंसा भएको रिपोर्ट गर्न सचेत् हुन अभिभावक/संरक्षकलाई विशिष्ट प्रकारका सूचनाहरु उपलब्ध गराउँन पाउँदैनन् ।

- **बदमासी उपर प्रतिकृया (Response to Bullying)**

वुस्टर पब्लिक स्कूलको सबै विद्यार्थीको लागि सूरक्षित सिकाई वातावरण निश्चित् गर्न बदमासी रोकथाम तथा कार्यवाहीको सकृय दृष्टिकोणमा आक्रमणकारीको परिवर्तित व्यवहारहरु समावेस हुन्छन् ।

**१. अनुशासनको कार्यवाही गरिने**
**1.Taking Disciplinary Action**

प्रिन्सिपल अथवा प्रशासकिय ब्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका ब्यक्तिले बदमासी घटना रिपोर्ट फारम र प्रशासकको बदमासी घटना रिपोर्ट फारम पठाउँनेछन् जस्ले मानव संशाधन व्यवस्थापकलाई बदमासी भएको बारेमा पुष्टि हुन्छ जस्ले सुपरिन्टेन्डेन्ट अथवा तोकिएका ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका ब्यक्तिलाई, यदि आवश्यक परेमा, कार्यवाहीको लागि के गर्ने भनेर सिफारिस गर्नेछन् ।

**२. सीप विकास गर्दै उपयुक्त व्यवहारहरुको शिक्षण**
**2.Teaching Appropriate behavior through skills-building**

कुनैपनि कर्मचारी सदस्य जो यो नीतिले निषेध गरेका आचरणहरुमा संलग्न भएको भनि निर्धारण गरिएका छन्, उनिहरुले रोजगारीमा फर्किनु भन्दा पहिले वुस्टर पब्लिक स्कूल कर्मचारी सहयोग कार्यक्रम (डियर ओएक्स ८६६ ३२७ २४००) मा सम्पर्क गर्नेछन् ।

**३. पीडित तथा अन्यको लागि सूरक्षालाई बढावा दिने**
**3.Promoting Safety for the Target and Others**

पीडित भएको भनि निश्चित् गरिएको प्रत्येक विद्यार्थीमा पीडित् विद्यार्थी कार्यवाही योजना (Student Target Intervention Plan) (परिशिष्टाङ्ग) कार्यान्वयन गरिनेछ । यसमा सबै अभिभावकहरु संलग्न हुनेछन् र उनिहरुको छोरा/छोरीको पीडित् विद्यार्थी कार्यवाही योजनाको एक प्रति जानकारी प्राप्त गर्नेछन् । प्रिन्सिपल अथवा प्रशासकिय ब्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएका ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएका ब्यक्तिले, यदि कुनै छन् भने, पीडित्लाई सूरक्षा महशुस हुने र अन्यलाई पनि स्कूलको वातावरणमा कसरी समायोजन गर्न सकिन्छ भनि विचार गर्नेछन् । प्रिन्सिपल अथवा प्रशासकिय ब्यक्ति अथवा सुपरिन्टेन्डेन्ट अथवा तोकिएको ब्यक्ति अथवा स्कूल कमिटी अथवा तोकिएको ब्यक्तिले प्रयोग गर्नसक्ने एउटा रणनीति भनेको भवन भित्र अथवा जिल्लामा कर्मचारी सदस्य अथवा विद्यार्थीलाई पुनर्मानाङ्कन (reassign) गर्नु हो । निर्धारण गरिएको कुरा पालना गर्दै तथा उपचारात्मक तथा अनुशासनात्मक कार्यवाहीको आदेश दिंदै प्रिन्सिपल अथवा प्रशासकिय ब्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएको ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएको ब्यक्तिले त्यहाँ कुनै निषेध गरिएको आचरण पुनरावृत्ति त भैरहेको छैन र निराकरणको लागि थप सहयोगको आवश्यक छ कि छैन भन्ने कुरामा पीडित्संग भैरहेका सम्पर्कहरुलाई कायम राख्नेछन् । यदि त्यसो हो भने, प्रिन्सिपल अथवा प्रशासकिय ब्यक्ति वा सुपरिन्टेन्डेन्ट अथवा तोकिएको ब्यक्ति वा स्कूल कमिटी अथवा तोकिएको ब्यक्तिले त्यसलाई

तत्काल कार्यान्वयन गर्न स्कूलका उपयुक्त व्यक्तिहरुसंग कार्य गर्नेछन्, कर्मचारी सदस्यको प्रगतिशिल अनुशासन समेत ।

## ६. परिवारसंग सहकार्य
## VI: COLLABORATION WITH FAMILIES

परिवारको लागि श्रोत र उनिहरुसंग खुला सञ्चार सहकार्यका आवश्यक पक्षहरु हुन् । वुस्टर पब्लिक स्कूलले स्कूल तथा जिल्लाको बदमासी रोकथाम गर्न र त्यस विरुद्ध कार्यवाही गर्नको लागि थप क्षमता विकास गर्न परिवारसंग नजिक रहेर कार्य गर्नेछ । परिवारसंग आदान-प्रदान गर्ने सूचना निम्न क्षेत्रमा केन्द्रित् हुनेछन्: (क) कसरी अभिभावक तथा संरक्षकले घरमा पाठ्यक्रमलाई सुदृढिकरण गर्न सक्छन् र स्कूल तथा जिल्लाको योजनालाई कसरी सहयोग गर्न सक्छन् (ख) बदमासीको गतिशिलता (ग) विद्युतिय (अनलाईन) सूरक्षा तथा साईबर बदमासी । अभिभावक तथा संरक्षकलाई प्रत्येक वर्ष विद्यार्थी सम्बन्धित् बदसासी रोकथाम तथा कार्यवाही योजना खण्डबारे सबैभन्दा बढी अभिभावक तथा संरक्षकले बोल्ने भाषामा लिखित् रुपमा सूचना पनि दिइनेछ । सहकार्यको लागि स्कूल अथवा जिल्लाको विशेष दृष्टिकोणले उमेर, जलवायु, सामाजिक आर्थित तत्व, भाषा विज्ञान र विद्यार्थी तथा अभिभावकको सांस्कृतिक पहिरनलाई ख्याल गर्नेछन् ।

### ए. अभिभावक शिक्षा तथा श्रोतहरु
### A. Parent Education and Resources

वुस्टर पब्लिक स्कूलले अभिभावक/संरक्षकको लागि शैक्षिक कार्यक्रम प्रदान गर्छ जुन जिल्लाले प्रयोग गर्ने बदमासी विरुद्धको पाठ्यक्रम र सामाजिक प्रतियोगितात्मक पाठ्यक्रम अभिभावकीय अवयवहरुमा केन्द्रित् रहनेछ । यी कार्यक्रमहरु अभिभावक सूचना केन्द (Parent Information Center), शहरव्यापी अभिभावक सल्लाहकार परिषद् (City-wide Parent Advisory Council), स्कूल परिषद् (School Councils), विशेष शिक्षा अभिभावक सल्लाहकार (Special Education Parent Advisory) र उही प्रकारका संघ-संस्थाहरुसंगको सहकार्यमा प्रदान गरिनेछ ।

### बि. सूचना आवश्यकता:
### B. Notification Requirements

प्रत्येक वर्ष जिल्लाले बदमासी विरुद्ध पाठ्कममा भर्ना भएका विद्यार्थीको बारेमा अभिभावक तथा संरक्षक (जस्का बच्चालाई यो पाठ्यक्रमको बारेमा पढाईंदैछ) लाई सूचना दिन्छन् । सामग्री समिक्षा गर्ने, प्रशिक्षकसंग बोल्न, बदमासीको गतिशिलता बुझ्न, साईबर बदमासी र विद्युतिय सूरक्षाबारे सबै अभिभावक तथा संरक्षकहरुको लागि उपलब्ध एउटा सूचनामुलक कक्षामा उपस्थित हुन अवसर प्रदान गरिनेछ । जिल्लाले योजनाको विद्यार्थी सम्बन्धित खण्डहरु र जिल्लाको ईन्टरनेट सूरक्षा सम्बन्धि नीतिको सूचना प्रत्येक वर्ष अभिभावहरुलाई लिखित रुपमा पठाउँनेछ । अभिभावक तथा संरक्षकलाई उपलब्ध गराइने सबै सूचना र बिवरणहरुको विद्युतिय माध्यम र कागजमा (hard copy and electronic copy format) हुन्छन् र तिनीहरुलाई अभिभावक तथा संरक्षकको बीचमा सबैभन्दा बढी बोलिने भाषामा उपलब्ध गराइनेछ । जिल्लाले योजना तथा सम्बन्धित सूचनालाई हाम्रो वेबसाईटमा राखेको छ ।

## ७. बदमासी तथा प्रतिकार विरुद्ध निषेधाज्ञा
## VII: PROHIBITION AGAINST BULLYING AND RETALIATION

वुस्टर पब्लिक स्कूलले यस योजानमा र स्कूल आचार संहिता, विद्यार्थी हाते पुस्तिका (Student Handbook) र सुपरिन्टेन्डेन्टको बुलेटिनमा बदमासी, साईबर बदमासी अथवा प्रतिकार सम्बन्धमा निषेध गर्ने एउटा वयान (statement) समावेस गर्छ । योजनामा एम.जि.एल.सि. ७१, § ३७० (बि.) [M.G.L.c.71, § 370 (b)] बाट र बदमासी निषेध गर्न कानूनका आवश्यकताहरुको ब्याख्या गर्न निम्न कथनहरु प्रत्यक्ष रुपमा समावेस गरिनेछ :

निषेध गरिएका बदमासी कार्य जस्मा साईबर बदमासी पनि पर्छ :(क) स्कूल मैदान र स्कूल मैदानसंगै रहेको सम्पत्ति, स्कूलले प्रायोजन गरेको अथवा स्कूल सम्बन्धि कृयाकलापहरु, समारोहहरु अथवा कार्यक्रम जो स्कूल अथवा स्कूल मैदान बाहिर हुने कृयाकलापहरु, स्कूल बस बिसौनी, स्कूल बस अथवा आफुले लिएका भाडाका सवारी साधन तथा अन्य सवारी साधनहरु अथवा प्रविधीको प्रयोग मार्फत् अथवा स्कूल जिल्लाको आफ्नो, भाडाका अथवा अन्य सवारी साधन मार्फत् अथवा स्कूल अथवा जिल्लाले प्रयोग गर्ने विद्युतिय उपकरणहरु मार्फत् । (ख) प्रविधीको प्रयोग अथवा विद्युतिय उपकरण जो स्कूल अथवा जिल्लाको आफ्नो, भाडाको अथवा स्कूल वा जिल्लाले प्रयोग गरेको छैन त्यस मार्फत कुनै स्थान, कृयाकलाप, समारोह अथवा कार्यक्रम जो स्कूल सम्बन्धित् छैन, यदि बदमासी कार्यले पीडित् अथवा साक्षीको लागि शत्रुतापूर्ण वातावरण निर्माण गर्छ भने, स्कूलमा उनिहरुको अधिकार उल्लङ्घन भयो भने, शैक्षिक प्रकृयामा भौतिक अथवा स्कूल सञ्चालनमा अवरोध । बदमासीको रिपोर्ट गर्ने ब्यक्तिको विरुद्धमा प्रतिकार गर्न निषेध छ, अनुसन्धानको समयमा बदमासीको सूचना दिने ब्यक्तिको प्रतिकार गर्न निषेध छ वा साक्षी अथवा जोसंग बदमासीको भरपर्दो सूचना छ त्यस्को विरुद्ध प्रतिकार गर्न पनि निषेध गरिएको छ ।

## ८. परिभाषाहरु
## VIII: DEFINITIONS

निम्नमध्ये धेरै परिभाषाहरु प्रत्यक्ष रुपमा एम.जि.एल.सि.७१§३७०(M.G.L.c.71, §370) बाट उतार गरिएका छन् । वुस्टर पब्लिक स्कूलले तिनीहरुको कार्यक्षेत्र र अर्थमा कुनै परिवर्तन गरेको छैन । आक्रमणकारी (Aggressor) एउटा विद्यार्थी अथवा कर्मचारी हो जो बदमासी, साईबर बदमासी अथवा प्रतिकारको घटनामा संलग्न हुन्छ । एम.जि.एल.सि.७१, § ३७० (M.G.L.c.71, § 370) मा परिभाषित् गरिएझैं बदमासी (Bullying) भनेको एक अथवा धेरै विद्यार्थीहरु अथवा स्कूल कर्मचारी सदस्यबाट लिखित अथवा मौखिक अथवा विद्युतिय माध्यमबाट दोहोर्याइएका अभिव्यक्तिहरु अथवा एक शारीरिक कार्य अथवा ईसारा अथवा यी मध्ये कुनै संयुक्त कार्य जो पीडित्तर्फ निम्न रुपमा लक्षित छन् जस्ले: (१) पीडित्लाई शारीरिक अथवा भावनात्मक रुपमा हानी पुर्याउँछ अथवा पीडित्को सम्पत्तिमा क्षति पुर्याउँछ (२) पीडित्लाई क्षति हुने डर लाग्छ अथवा उस्को सम्पत्तिमा क्षति पुग्छ (३) पीडित्को स्कूल अधिकारको उल्लङ्घन । (४) शैक्षिक प्रकृयालाई भौतिक र पर्याप्त रुपमा अवरोध अथवा एउटा व्यवस्थित् रुपमा सञ्चालन भएको स्कूललाई अवरोध, बदमासीमा साईबर बदमासी समेत समावेश गरिनेछ ।

**साईबर बदमासी (Cyber-bullying)**: यो प्रविधीको प्रयोगबाट वा विद्युतिय उपकरणहरु जस्तै टेलीफोन, सेल फोन, कम्प्युटर र ईन्टरनेट आदिको प्रयोगबाट हुने बदमासी हो । यस्मा ईमेल, सन्देस (text message) र ईन्टरनेटमा राखिएका

सामग्रीहरु समावेस हुन्छन् । कानूनी परिभाषाको लागि एम.जि.एल.सि. ७१, § ३७० (M.G.L.c.71, § 370) मा हेर्नुहोस् । प्रतिकूल वातावरण (Hostile environment): एम.जि.एल.सि.७१, § ३७० (M.G.L.c.71, § 370) मा दिइएको परिभाषा अनुसार यो एउटा त्यस्तो अवस्था हो जस्मा बदमासीले स्कूल वातावरण धम्किपूर्ण, उपहास, अपमान अथवा विद्यार्थीको शिक्षामा व्यापक रुपमा गम्भिर परिवर्तन आउने गरी वातावरण प्रतिकूल हुन्छ ।

**प्रतिकार (Retaliation)**: बदमासीको रिपोर्ट दिने, बदमासीको अनुसन्धान भैरहेको बेलामा सूचना दिने, बदमासी भएको देख्ने अथवा बदमासीको बारेमा भरपर्दो सूचना भएको विद्यार्थी प्रति लक्षित् धम्की, प्रतिहिंसा तथा उत्पिडन्को रुप हो । कर्मचारी सदस्यमा मा निम्न ब्यक्तिहरु समावेस हुन्छन्, तर यतिमै सिमित रहने छैन:

प्रशिक्षक, प्रशासक, परामर्श सेवा दिने ब्यक्ति, स्कूल नर्स, चमेनागृह (स्कूल खाजा घर) मा काम गर्ने कामदारहरु, संरक्षक र बस चालकहरु तथा खेलकुदका प्रशिक्षकहरु (कोच), अतिरिक्त कृयाकलापका सल्लाहकारहरु, सहयोगी कामदारहरु अथवा विशेष रुपमा खटाईएका ब्यक्तिहरु ।

**पीडित् (Target)**: यो एउटा विद्यार्थी हो जस्को विरुद्धमा बदमासी, साईबर बदमासी अथवा प्रतिकारको दोष लगाइएको हुन्छ ।

## ९. अन्य कानूनसंग सम्बन्ध
## IX: RELATIONSHIP TO OTHER LAWS

राज्य तथा संघीय कानूनहरु र वुस्टर पब्लिक स्कूल नीतिसंगत् कुनै पनि ब्यक्तिलाई वुस्टर पब्लिक स्कूलको कुनैपनि टाउनमा भर्नाभै फाईदा लिन अथवा सुविधा लिन र त्यस्तो सार्वजनिक विद्यालयको अध्ययन सूची (कोर्स अफ् स्टडी) लिनबाट बन्चित् अथवा भेदभाव गरिने छैन र यस्तो भेदभाव जाति, वर्ण, धर्म, पुर्खा, राष्ट्रिय उत्पत्ति, लिङ्ग, अथवा लैङ्गिक अभिमुखिकरण आदिको आधारमा हुने छैन । यस योजनामा स्कूल अथवा जिल्लाले भेदभाव हटाउँनको लागि स्थानीय, राज्य अथवा संघीय कानून वा स्कूल अथवा जिल्लाको नीतिले ब्यक्तिको कानूनी रुपमा संरक्षण गरिएको बर्गीकरण सदस्यमा आधारित उत्पिडन् सम्बन्धमा कार्यवाही गर्न नपाउने कुनै कुरा छैन । (परिशिष्टाङ्क, वुस्टर पब्लिक स्कूल नीति तथा कार्यविधी)। अतिरिक्त रुपमा योजनामा कुनै कुरा डिजाइन गरिएको छैन अथवा जिल्ला वा स्कूलको अनुशासन कार्यवाही गर्ने अधिकारलाई सिमित गर्ने अन्तर्निहित योजना छैन । एम.जि.एल.सि.७१,§§३७ एच अथवा ३७ एच हाफ, एम.जि.एल.सि.७१§§ ४१ र ४२ एम.जि.एल.सि७६ §५ (M.G.L.c.71, §§ 37H or 37 H1/2, M.G.L. c. 71§§41 and 42, M.G.L. c 76§5) अन्तर्गत अन्य कार्यवाही, हिंसा, नोक्सानी, विध्वँशकारी व्यवहारको जवाफ स्वरुप कार्यवाही गर्न अन्य आकर्षित् कानूनहरु अथवा स्थानीय स्कूल अथवा जिल्ला नीतिहरु अथवा सामुहिक मोलतोल सम्झौता, योजनाले सबै व्यवहारहरु नसमेटिए पनि कार्यवाही गर्न सिमित गरेको छैन ।

## १०. परिशिष्टाङ्क
## XI: APPENDIX

- बाल अध्ययन विभाग
- स्कूलमा आधारित भर्ना प्रकृया
- वुस्टर पब्लिक स्कूलको बदमासी सम्बन्धि नीति तथा कार्यविधीहरु
- वुस्टर पब्लिक स्कूल घटना रिपोर्ट गर्ने फारम प्रकृया
- वुस्टर पब्लिक स्कूल बदमासी रोकथाम तथा कार्यवाही प्रतिवेदन फारम
- वुस्टर पब्लिक स्कूल प्रशासनको बदमासी रोकथाम तथा कार्यवाही प्रतिवेदन फारम
- वुस्टर पब्लिक स्कूल शिक्षक सिफारिस फारम
- अनुशासन उल्लङ्घन कोड् (Infraction code)
- वुस्टर पब्लिक स्कूल विद्यार्थी आकमण कार्यवाही योजना
- वुस्टर पब्लिक स्कूल कर्मचारी आकमण कार्यवाही योजना
- वुस्टर पब्लिक स्कूल पीडित विद्यार्थी कार्यवाही योजना